# गाउँ शिक्षा योजना

## २०८३ देखि २०८८

मार्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लटिनाथ, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

मार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

लटिनाथ, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

सर्वाधिकारः  मार्मा गाउँपालिकाम

मिति २०८३/१/२३ गतेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत

# सन्देश

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मकमुलुक हो। गणतन्त्र स्थापनपश्चात नेपालको संविधान, २०७२ ले आधारभूत र माध्यमिक तहको शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई दिइएको छ। ज्ञान, विज्ञान र प्रविधिको विकाससँगै शिक्षा क्षेत्रमा पनि नवीनता आएको छ र यसरी आएको परिवर्तनलाई समेटि मार्मा गाउँपालिकाको समग्र शैक्षिक विकास गर्नु आजको आवश्यकता हो। आजका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा दिन सकेको खण्डमा भोलि देशको विकासले गति लिने निश्चित छ। यस योजनाको दीर्घकालीन राष्ट्रिय सोच नेपालको समग्र विकासका लागि आवश्यक सदाचार, स्वावलम्बी, उद्यमशील, परिवर्तनकारी, प्रतिस्प्रधी, मूल्यवान, देशप्रेमी, चरित्रवान नागरिक विकासमा सहयोग पुर्याउनु रहेको छ भने यस गाउँपालिकाको दीर्कालीन सोच मार्मा गाउँपालिका र राष्ट्रका लागि आवश्यक चरित्रवान, नैतिकवान, स्वरोजगार, प्राविधिक ज्ञान सिप, मातृभूमिप्रति अनुरागी नागरिक विकासमा सहयोग पुर्याउनु रहेकोछ। यस योजनाले सबै तहको गुणस्तरीय शिक्षामा पहुँच विस्तार गरी प्राविधिक शिक्षाको विस्तार, सिपयुक्त जनशक्ति उत्पादन र सबै तहको शिक्षा प्रणालीमा पारदर्शीता, उत्तरदायित्व, जाबाफदेहिता विकास गर्ने उद्देश्य लिएको छ।

शिक्षा क्षेत्रको विकासमा योजनाको महत्वपूर्ण स्थान रहेको हुन्छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको समाप्ति पश्चात मार्मा गाउँपालिकले कार्यान्वयनमा ल्याउन यो गाउँ शिक्षा योजना तयार पारेको छ। यस योजनाको प्रभावकारी कार्यान्यिन गर्न सकेको खण्डमा मार्मा गाउँपालिकाको शिक्षा क्षेत्रले गति लिने र स्वदेशी तथा विदेशी जनशक्तिसँग प्रतिस्प्रधा गर्न पछि नपर्ने कुरामा विश्वस्त छुँ। प्रत्येक माध्यमिक विद्यालयहरू भौतिक पूर्वाधार सम्पन्न हुने चरणमा छन् भने आधारभूत विद्यालयको पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखिएको छ साथै विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, इ-पुस्तकालय, कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिने छ। प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास गरी उद्यमशील र सिपयुक्त नागरिक विकासमा जोड दिइने छ भने यस योजनाले शिक्षकको क्षमता विकास तालिम, अभिभावक जागरण, प्रतियोगितात्मक कार्यक्रम सञ्चालन, उच्च शिक्षा प्रदायक संस्थाको क्षमता विस्तारलाई पनि प्राथमिकतामा राखेको छ।

शैक्षिक सुधार साझा विषय हो। यसमा एउटा मात्र पक्षको सक्रियताले सम्भव हुँदैन। शिक्षा सम्बद्ध आम सरोकारवाला सबै व्यक्ति, संस्था, निकायको शैक्षिक गुणस्तर सुधारमा सहयोगको आवश्यकता पर्दछ। यस योजनाको प्रभावकारी कार्यान्वयन गर्न सकेको खण्डमा मार्मा गाउँपालिकाले काँचुली फेर्ने र मार्माबासी सबैको सपना साकार हुने कुरामा विश्वस्त छुँ। अन्तमा, यस योजनाको प्रभावकारी कार्यान्वयनमा बजेटको महत्वपूर्ण भूमिका रहेको हुँदा संघीय र प्रदेश सराकारको पनि भरपुर सहयोग हुनेछ भन्ने कुरामा विश्वास लिएको छुँ।

जमन सिंह धामी
अध्यक्ष

# प्राक्कथन

मुलुक संघीयतामा प्रवेश गरेको छ। देशमा तिन तहका सरकार अस्तित्वमा छन्।नेपालको संविधानमा हरेक तहका सरकारका क्षेत्राधिकार किटान गरिएको छ। आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र राकिएको छ। यस सन्दर्भमा आफ्नो क्षेत्राधिकार भित्रको शिक्षा प्रणाली व्यवस्थित, व्यवहारिक, समय सान्दर्भिक, जीवनोपयोगी, प्रतिष्पर्धात्मक बनाउनु आजको आवश्यकता हो। यसै परिप्रेक्षमास्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै मार्मा गाउँपालिका एवम् राष्ट्रका लागि आवश्यक चरित्रवान्, नैतिकवान्, स्वरोजगार, प्राविधिक ज्ञान सिप भएका र मातृभूमिप्रति अनुरागी नागरिकको विकासमा सहयोग पुर्याउने दीर्घकालीन सोचकासाथ मार्मा गाउँपालिकाले यो गाउँ शिक्षा योजना तयार पारेको छ। यस योजनाले सबै तहमा शिक्षामा पहुँच विस्तार गरी गुणस्तरीय, प्रविधिमैत्री, समय सान्दर्भिक बनाउनु आजको आवश्यकता ठहर गरेको छ। योजना तयार पार्ने क्रममा नेपालमा विगत देखि सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरूका उपलब्धिलाई आत्मसाथ गरी तयार पारिएको छ।

शिक्षा योजनाले वर्तमान अवस्थाको विश्लेषण र आगामी गन्तव्यको परिकल्पना गरी निर्धारण गरिएको हुन्छ। यस योजनाले पनि मार्मा गाउँपालिकाको वर्तमान शिक्षा अवस्थाको विश्लेषण गर्दा आधारभूत तहका विद्यालयको सङ्ख्यात्मक विस्तार गरीपहुँच योग्य बनाइनु, शिक्षकको आवश्यक्ता पुरा गर्न शिक्षण स्वयमसेवक परिचालन गरिनु, कम्प्युटर प्रयोगशालाको विस्तार गरिनु, प्रत्येक विद्यालयमा ICT को विस्तार गरिदै लैजानु अवसरका रूपमा देखिए पनि प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या न्यून हुनु, आधारभूत शिक्षाको खुद भर्नादर न्यून, कूल भर्नादर उच्च हुनु, माध्यमिक शिक्षामा पहुँचयोग्य भएको नपाइनु, खुद भर्नादर न्यूनहुनु, कूल भर्नादर उच्च रहनु, प्राविधिक धारको डिप्लोमा तह अध्ययन गर्न विद्यालय नै नहुनु, व्यावसायिक शिक्षाको विस्तार नहुनु, बहुसङ्कायको अध्यापन हुने उच्च शिक्षाको शिक्षण संस्था नै नहुनु ले शिक्षा प्रणालीमा पछाडि रहेको स्पष्ट देखाएको छ। यी र यस्तै विविध प्रकारका शिक्षा सम्बद्ध समस्या र अवसरको आत्मसाथ गरी अबको शिक्षालाई समयानुकूल, जीवनोपयोगी, विश्वबजारमा बिकाउन सकिने जनशक्ति उत्पादनमा केन्द्रित गर्न आम सरोकारवाला निकायले सहयोग पुर्याउनु हुनेछ भन्ने अपेक्षा लिएको छुँ।

शिक्षा योजना भविष्यको शिक्षालाई वर्तमान समयबाट नियाल्ने दर्पण हो। यस नयाँ शिक्षा क्षेत्र योजनामा भविष्यमा सञ्चालनमा ल्याउन सकिने योजना तथा कार्यक्रमहरूको प्रारम्भिक आँकलन गरी समय सान्दर्भिक शिक्षा पस्किने अपेक्षा गरिएको छ। यस योजना निर्माणको क्रममा सहयोग पुर्याउनु हुने मार्मा गाउँपालिकका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, बुद्धिजीवि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, सामुदायिक अध्यायन केन्द्रका पदाधिकारी एवम प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुर्याउनु हुने सबै व्यक्तित्वमा हार्दिक धन्यवाद दिन चाहन्छुँ भने योजना निर्माणको अवसर जुराइ दिने नेपाल सरकारका सम्बद्ध सबै कार्यालयलाई धन्यवाद नदिई रहन सकिँदैन। अन्तमा, यस महत्वपूर्ण योजना कार्यान्वयनको क्रममा यो भन्दा अझैं बढी सहयोग पुर्याउनु हुनेछ भन्ने अपेक्षा लिएको छुँ।



राजेन्द्र प्रसाद जोशी
शिक्षा अधिकृत

## कार्यकारी सारांश

## १. विषय प्रवेश

नेपालको वर्तमान शौक्षिक विकास विगतका योजनाको प्रतिफल हो ।विगतमा सञ्चालन भएका सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (प्रथम), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (दोस्रो),सबैकालागि शिक्षा कार्यक्रम, माध्यमिक शिक्षा सहयोग कार्यक्रम आदिनागरिकलाई शिक्षाको पहुँचमा कसरी पुर्याउने भन्ने पक्षमा केन्द्रित थिए भने विद्यालाय क्षेत्र विकास योजना गुणस्तर केन्द्रित योजना थियो। यसै योजनाको नतिजालाई आधार बनाएर आगामी दश वर्षमा नेपालको शिक्षा क्षेत्र कुन गोरेटोमा जाने, स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्र शैक्षिक विकास कसरि गर्ने र कसको सक्रियतामा समग्र शैक्षिक जगत माथि उठाउने जस्ता यावत विषयमा गहन अध्ययन गरी यो गाउँ शिक्षा योजना तायार पारिएको छ । यो योजना तयार पार्ने क्रममा मार्मा गाउँपालिकाभित्रका विद्वत् व्यक्तित्वहरुको सहभागितामा गहन अध्ययन विश्लेषण गरी आगामी दश वर्ष पछिको मार्माको शैक्षिक स्थिति हेर्ने ऐनाको रूपमा यस योजानालाई अगाडि सारिएको छ। खुद भर्नादर शत प्रतिशत पुर्याउने, कूल भर्नादर सय प्रतिशतमा झार्ने, सबै तहमा गुणस्तरीय शिक्षाको प्रत्याभूति दिलाउने, प्राविधिक तथा व्यवसायिक शिक्षामा विशेष जोड दिने, उच्च शिक्षा सबैको पहुँचमा पुर्याउने आदि यस योजनकाका गन्तव्य हुन्। यसैगरी योजनाले शिक्षामा नवीनतम् सूचना सञ्चार प्रविधिको प्रयोग विस्तार, शिक्षकको पेसागत विकास तालिम, बालमैत्री विद्यालय वातावरण निर्माणलाई उच्च प्राथमिकतामा राखिएका छन् । वि.सं. २०८२ साललाई आधार वर्ष मानि विभिन्न सूचकहरुको आधारमा विगतका योजनाको विश्लेषण र मार्मा गाउँपालिका र राज्यको लगानी क्षमताको प्रारम्भिक आँकलन गरी दशवर्षे उपलब्धि सूचकसहित वि. सं. २०८३ देखि वि. सं. २०८८ साल सम्मका लागि यो योजना तयार पारिएको छ ।

## २. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

स्थानीय शिक्षा योजना निर्माणको औचित्य नम्नानुसार छः

क) तिनै तहमा बन्ने योजनाका बिच लम्वीय र क्षितिजीय सम्बन्ध स्थापित गर्न,

ख) संघ र प्रदेशबाट प्रदान गरिने स्रोतलाई योजनामा अधारित बनाइ व्यवस्थापन परिचालन उपयोग गर्न

ग) कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालन, समव्वय र सहकार्यलाई प्रभावकारी बनाउन

घ) शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य, अन्तराष्ट्रिय प्रतिवद्धता पुरा गर्न,

## ३. शिक्षा योजना निर्माका अधारहरू

मार्मा गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण गर्न तपसिल बमोजिमका सामग्रीहरूलाई आधार बनाएर यो योजना तयारी पारिएको छः

नेपाल सारकार, शिक्षा नीति, २०७६

नेपालको संविधान, २०७२

संघ परदेश र स्थानीय तह (समन्वय तथआ  अण्तरसम्बन्ध) ऐन, २०७७

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५

सोहौं योजना २०८१/८२-२०८५/०८६

राष्ट्रीय जनगणना, २०६८

विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४-२०७९/८०

शिक्षा ऐन, २०२८

शिक्षा नियमावली, २०५९

विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८

स्थानीय तहको योजना निर्माण सम्बन्धि मार्गदर्शन, २०८१

मार्मा गाउँपालिका पार्श्वचित्र,२०७५

मार्मा गाउँपालिकाको बजेट, २०८२/०८३

मार्मा गाउँपालिकाको शैक्षिक तथ्यांक, २०८२

iemis.doe.gov.np

## ४. शिक्षा योजना निर्माण प्रक्रिया

यस योजना निर्माणका क्रममा देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिए:

- गाउँ कार्यपालिकाको बैठकबाट योजना निर्माण समिति गठन गरिएको
- सरोकारवालाहरूको व्यापक सहाभगितामा सुझाव तथा तथ्याङ्क सङ्कलन र विश्लेषणका  गरियो ।
- विद्यालायका जल्दाबल्दा समस्याको निक्यौंल र आवश्यक योजना कार्यक्रमको विवरण सङ्कलन गरियो।
- प्राविधिक उपसमितिले सङ्कलन गरेको तथ्याङ्कको गहन अध्ययन र विश्लेषण गरी वास्तबिक समस्या र चुनौतिको पहिचान गरियो ।

- विवरणको आधारमा दीर्घकालीन सोच, उद्देश्य, रणनीतिहरू निर्धार गरी मसयौदा तयार पारियो ।
- मस्यौदा छपाई गरी सरोकारवालाहरूको सुझावको आधारमा आवश्यक सुधार तथा परिमार्जन गरियो।
- योजनामा समाविष्ट कार्यक्रमको विस्तृतीकरण अध्ययन र लागत अनुमान गरी नतिजा र लगानीको प्रारम्भिक आँकलन गरियो।
- योजनाको मस्यौदालाई मूल्याङ्कनका लागी विज्ञसमूह समक्ष पेश गरी प्राप्त सुझावका आधारमा योजनाको लेखाजोखा मूल्याङ्कन गरियो।
- योजानाको मूल्याङ्कनबाट प्राप्त सुझावका आधारमा पुनरावलोकन गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेश गरियो र स्वीकृति पश्चात कार्यान्वयन गरियो।

## ५. योजनाको लेखाजोखा

योजा निरमापश्चात त्यसको लेखाजोखा अनिवार्य मानिन्छ।यस गाउँशिक्षा योजना निर्माण देखि कार्यान्वयन सम्मको पाटोलाई केहि सुचकको आधारमा नियालेर हेर्दा देहायबमोजिमका सूचकको आधारमा मूल्याङ्कन गर्न सकिन्छः

क) नेतृत्व र सहभागिताः योजना निर्माणमा गाउँपालिकाको मूल नेतृत्वसहित सिङ्गो टिम परिचालन गरिएको र सबैको सहभागिता रहेको थियो ।

ख) प्रयाप्तता र सान्दर्भिकताः यस योजनामा राखिएका रणनीतिहरू समस्याहरूको समाधनामा प्रयाप्त रहेका छन।

ग) समाता समानाता र गुणस्तर बढाउनमा योजनामा पर्याप्त आधार प्रदान गरेको छ ।

घ) योजनाले अन्यक्षेत्रसँग सम्बन्धित योजनासँग पनि सम्बन्ध स्थापित गरेको छ ।

ङ) योजना कार्यान्वयनमा पनि सम्भाव्य रहेको छ ।

च) सूचकमा आधारित अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरिएको छ ।

## ६. योजनाको दस्तावेजको स्वरुप

यस योजनाको स्वरूप देहाय बमोजिमको रहेको छः

कार्यकारी सारांश

परिच्छेद १ परिचय

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या चुनौतिको विश्लेषण

१.३ शिक्षा क्षेत्रका चुनौति विश्लेषण

१.४ अवसर

परिच्छेद  २ दूरदृष्टि, उद्देश्य, रणनीति, तथा लक्ष्य निर्धारण
२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरू
२.२ दुरदृष्टि
२.३ लक्ष्य
२.४ उद्देश्य
२.५ रणनीति
२.६ कार्यनीति
२.७ अपेक्षित उपलब्धि
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण
परिच्छेद ३ विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू
३.१ प्रारम्भिक बाल विकास र शिक्षा
३.२ आधारभूत शिक्षा
३.३ माध्यमिक शिक्षा
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ
परिचछेद ४ अन्तरसम्बन्धित विषय वा क्षेत्र
४.१ पाटयक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथआ मूल्याङ्कन
४.२ शिक्षक व्यवस्थपन र शिक्षक विकास
४.३ शिक्षामा समानता र समावेशीकरण
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम
४.५ विद्यालय सुरक्षा, विपद् नयूनीकरण तथा उत्थानशीलता
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि
परिचछेद ५ अन्य उपक्षेत्रहरू
परिच्छेद ६ सुशासन तथा व्यवस्थापन
६.१ शिक्षाको व्यवस्तापन तथा संस्थागत क्षमता विकास
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

परिच्छेद ७ लगानी तथा स्रोत व्यवस्थापन
परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन

# परिच्छेद १ परिचय

## १.१ वर्तमान अवस्था

शैक्षिक दृष्टिकोणले मार्मा गाउँपालिकामा वि.स. २००४ सालमा लाम्बगरमा भाषा पाठशालाको स्थापना भएको पाइन्छ भने वि.स. २००८ सालमा हालको श्री लटिनाथ मा.वि. रहेको स्थानमा विद्यालय खुलेको पाइन्छ । वर्तमान समयमा यस गाउँपालिका भित्र बाल विकास केन्द्र २७ , आधारभूत विद्यालय (कक्षा १-३) १२, ( कक्षा १-५) २२, कक्षा (१-८ ) ५, माध्यमिक विद्यालय कक्षा १- १० सञ्चालित ६, र कक्षा १- १२ सञ्चालित ३ विद्यालय र एउटा उच्च शिक्षा प्रादायक संस्था रहेको छ ।

समयको गतिसँगै देश संघीयतमा गएको छ। कानुनी र संरचनात्मक गतिविधिमा समयानुकूल परिवर्तन हुँदै आएको छ। नेपालको संविधान, २०७२ ले आधारभूत र माध्यमिक तह सम्मको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा राखिनुका साथै आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षालाई निःशुल्कपाउने कुरा मौलिक हक अन्तर्गत समावेश गरेको छ। यसै सन्दर्भमा नेपालमा बिगत लामो समयदेखि समयानुकूल बनाइएका र प्रयोगमा ल्याइएका प्राथमिक शिक्षा परियोजना,आधारभूत तथा प्राथमिक शिक्षा परियोजना(प्रथम),आधारभूत तथा प्राथमिक परियोजना(दोस्रो),सबैकालागि शिक्षा कार्यक्रम (२००१-२०१५), विद्यालय क्षेत्र विकास कार्यक्रम केन्द्रकृत ढङ्गले बनेका र प्रयोगमा ल्याइएका हुनाले तिनका कार्यक्रम र उपलब्धिलाई आधार बनाएर आफ्नो क्षेत्राधिकार भित्रको शिक्षालाई व्यबस्थित,व्यावहारिक,बालमैत्री,समय सान्दर्भिक र गुणस्तर कायम गरि आम सरोकरवालाहरूको अपनत्वको भावनाको विकास गराउन सरोकारवालाको उपस्थिति र सहभागितामा मर्मा गाउँपालिकाले यो शिक्षा क्षेत्र योजना निर्माण गरेकोछ। यस योजनाबाटस्थानीय कला,धर्म,संस्कृति,सभ्यताको जगेर्ना गरी स्थानीय र राष्ट्रीयस्तरमा शान्ति,मैत्री, सद्भाव,सहिष्णुता,राष्ट्रप्रेम, राष्ट्रिय एकता र विश्वबन्धुत्वको भावनाको विकासमा सहयोग पुर्याउने अपेक्षा लिइएको छ।

मार्मा गाउँपालिकाको समग्र शैक्षिक अवस्था विश्लेषण गर्दा प्रारम्भिक बालविकासको कुल भर्नादर २६६.५, प्रारम्भिक बाल विकासको अनुभब सहित कक्षा १ को भर्नादर ८६ प्रतिशत, प्रारम्भिक बाल शिक्षामा योग्यता प्राप्त शिक्षक ९७ प्रतिशत, कक्षा १ को कुल भर्नादर १८० प्रतिशत, कक्षा १ को खुद भर्नादर ८१ प्रतिशत, कुल भर्नादर आधारभूत तह ( कक्षा १-५) १४२.७ प्रतिशत,खुद भर्नादर आधारभूत तह (कक्षा ५) को ५२ प्रतिशत कुल भर्नादर आधारभूत तह (कक्षा १-८) १२५.१ प्रतिशत, खुद भर्नादर आधारभूत तह (कक्षा १-८) ७९.९ प्रतिशत,आधारभूत तह(१-८)को खुद भर्ना दरमा लैंङ्गिक समता सूचाङ्क १.०७, कक्षा ८ मा टिकाउ दर ९० प्रतिशत,आधारभूत शिक्षाको तह कक्षा ८ पुरागर्ने दर ९० प्रतिशत, यसैगरि माध्यमिक तहमा कक्षा ९-१२ को कूल भर्नादर ११२.९ प्रतिशत,कक्षा ९-१२ को खुद भर्नादर ८६.१६, माध्यमिक तहमा

लैंगिक समता सूचकाङ्क १.०२ रहेको छ। यसैगरि ६ वर्ष माथिको साक्षरता दर ८३ प्रतिशत , १५ देखि २४ वर्ष सम्मको साक्षरता दर ८६ प्रतिशत, १५ वर्ष माथिको साक्षरता दर ८०, रहेको छ।

### क) भौगोलिक अवस्थाको विशलेषण

मार्मा गाउँपालिका सुदूरपश्चिम प्रदेश दार्चुला जिल्ला दक्षिण पूर्वी भागमा अवस्थित चारैतिर डाँडाले घेरिएको र बिचमा बस्तीहरू भएको रमणीय गाउँपालिका हो । विविधतामा एकता रहेको यस गाउँपालिकामा ब्राह्मण(जोशी, पन्त, ओझा,भट्ट ) ठकुरी (सिंह), क्षेत्री (विष्ट,धामी ठगुन्ना, महता,सितोली डडाल, महरा, बोहरा आदि ) तथा दलित (ओड,टमटा, सुनुवार, लुहार आदि ) थरका मानिसहरु बसोबास गर्दछन। धार्मिक सास्कृतिक हिसाबले बिसु,गौरा,दशैं ,तिहार, नरहरी, बसन्त पञ्चमी आदि सास्कृतिक पर्वहरु मनाउँछन। यस क्षेत्रमा लटिनाथ, भगवती ,कालिका , दुर्गा, तपोवन ,हटिनाथ आदि मन्दिरहरु अवस्थित छन्। यस पालिकामा धान , मकै , गहुँ,कोदो, आलु ,उखु, चिउरी आदिको खेति गरिन्छ । प्रायः सबै बस्तिहरुमा खानेपानी, शौचालय, विद्यालय, गोरेटो बाटोको पहुचँ पुगेको देखिन्छ। यस गाउँपालिकाको कूल जनसंख्या १५१२४ जसमा ७२३२ पुरुष र ७८९२ माहिला रहेका छन् । समुद्री सतहबाट ९०० देखि ४८०० मिटर उचाइसम्म फैलिएको यस गाउँपालिकाको क्षेत्रफल २०८.०६ वर्गकिलोमिटर रहेको छ । यस गाउँपालिकाका प्राकृतिक सम्पादाका रूपमा अपिनाम्पा संरक्षण क्षेत्र, चमेलिया नदी, नौगाड, घट्टेखोलो, परम्चुला धाम आदि रहेका छन । यार्सागुम्बा, पाँचऔंले, कट्की, सतुवा, भुत्केस, जटामसी, वनलसुन, कालिन्नारायन, शंखधारा, शिलाजित जस्ता बहुमूल्य जडिबुटीले आर्थिक विकासमा टेवा पुर्याएको देखिन्छ। यसैगरी कस्तुरी, डाँफे, मुनाल, घोरल, बाघ, रतुवा, चितुवा, भालु, थार ,लाम्पुच्छ्रे लगायतका लोभलाग्दा पशुपक्षीहरूले पर्यटन विकासमा ठुलो टेवा पुर्याएका छन्। मध्य चमेलिया जलविद्युत आयोजना, मकरीगाड जलविद्युत आयोजना, तपोवन सिप्टी सडक खण्ड, लटिनाथ सार्सी बजानी सडक खण्ड, पारिबगड गुल्जर परम्चुला सडक खण्ड आदि यस गाउँपालिकामा सञ्चालित मुख्य विकास आयोजनाहरु हुन । यसरी समग्रमा मार्मा गाउँपालिका सुन्दर, स्वच्छ र ऐतिहासिक महत्व बोकेको गाउँपालिकाको रूपमा चिनिन्छ ।

## ३ शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत विश्लेषण

वर्तमान शिक्षाको संरचनामा प्रारम्भिक बाल विकास शिक्षा आधारभूत तह र कक्षा ९-१२ लाई माध्यमिक तह बनाइने छ । यस दृष्टिकोणबाट मार्मा क्षेत्रको क्षेत्रगत विश्लेषण देहायबमोजिम प्रस्तुत गरिएको छ :

तालिका नं. १ विद्यालयहरूको विवरण

| क्र. सं. | विद्यालयमा सञ्चालित कक्षा | विद्यालय सङ्ख्या |
|---|---|---|
| १ | प्रारम्भिक बाल विकास केन्द्र | ३७ |
| २ | आधारभूत (कक्षा १-३) सञ्चालित विद्यालय | १२ |
| ३ | आधारभूत कक्षा( १-५) सञ्चालित विद्यालय | २१ |

| | | |
|---|---|---|
| ४ | आधारभूत कक्षा( १-८) सञ्चालित विद्यालय | ४ |
| ५ | माध्यमिक कक्षा( ९-१०) सञ्चालित विद्यालय | ७ |
| ६ | माध्यमिक कक्षा( ९-१२) सञ्चालित विद्यालय | २ |
| ७ | सामुदायिक अध्ययन केन्द्र | २ |

स्रोत : मार्मा गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा

तालिका नं. २ मार्मा गाउँपालिकाको शिक्षक विवरण

| सि.नं. | तह | स्वीकृत दरबन्दी | राहत | जम्मा |
|---|---|---|---|---|
| १ | आधारभूत (कक्षा १-५) | ९० | २१ | १११ |
| २ | आधारभूत (कक्षा १-८) | ९ | ७ | १६ |
| ३ | माध्यमिक कक्षा( ९-१०) | ६ | ५ | ११ |
| ४ | माध्यमिक कक्षा( ९-१२) | २ | ० | २ |
| ५ | जम्मा | १०७ | ३३ | १४० |

स्रोत : मार्मा गाउँपालिका

तालिका नं. ३ : मार्मा गाउँपालिकाको विद्यार्थी विवरण

| सि. नं. | तह | विद्यार्थी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | |
| १ | प्रारम्भिक बालविकास | २६५ | २२२ | ४८७ | |
| २ | आधारभूत (कक्षा १-५) | ७९२ | ९११ | १७०३ | |
| ३ | आधारभूत (कक्षा ६-८) | ६१४ | ६४० | १२५४ | |
| ४ | माध्यमिक कक्षा( ९-१०) | २१२ | २३० | ४४२ | |
| ५ | माध्यमिक कक्षा( ११-१२) | ६६ | ७२ | १३८ | |
| | जम्मा | १९४९ | २०७५ | ४०२४ | |

स्रोत : iemisमार्मा गाउँपालिका २०८२

| वडा | जनसङ्ख्या |
|---|---|

| नं. | | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| १. | १७२७ | १८६४ | ३५९१ |
| २. | १०९० | ११७७ | २२६७ |
| ३. | ११४९ | १२११ | २३६० |
| ४. | १२११ | १३६० | २५७१ |
| ५. | ८१६ | ९४८ | १७६४ |
| ६. | १२३९ | १३३२ | २५७१ |
| | ७२३२ | ७८९२ | १५१२४ |

तालिका नं. ४ : मार्मा गाउँपालिकाको जनसङ्ख्या

स्रोत : राष्ट्रिय तथ्याङ्क विभाग

तालिका नं. ६: शिक्षा क्षेत्रमा कार्यरत जनशक्ति

| क्रसं. | शिक्षा क्षेत्रमा कार्यरत जनशक्ति | सङ्ख्या |
|---|---|---|
| १ | शिक्षक | १४० |
| २ | स्वयमसेवक | ८७ |
| ३ | विद्यालय सहायक (लेखापाल ) | ७ |
| ४ | विद्यालय सहयोगी | ४६ |
| ६ | बालविकास सहजकर्ता | २७ |
| ७ | सामाजिक परिचालिका | २ |

स्रोत : मार्मा गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा

## १.२ मुख्य समस्याहरू

क) विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात र विषयगत आधारमा शिक्षक दरबन्दीको व्यवस्था हुन नसक्नु,

ख) अधिकांश कार्यक्रम पहुँच केन्द्रित हुनु तर गुणस्तर सुधारका लागि कम चासो देखाउनु,

ग) अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न नीतिगत व्यवस्था भएता पनि प्रभावकारी ढङ्गले कार्यान्वयनमा नआउनु,

घ) समय समयमा गुणस्तर मापन गर्ने परिपाटिको अभाव हुनु,

ङ) प्रभावकारी ढङ्गले नियमित रूपमा विद्यालयको अनुगमन तथा निरीक्षण नहुनु,

च) बालबालिकाको चौतर्फी विकासका लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप र प्रतियोगिताहरु आवश्यकतानुसार सञ्चालन नहुनु,

छ) समय समयमा पाठ्यक्रम प्रबोधीकरण र कार्यान्वयन सम्बन्धमा शिक्षकहरुलाई तालिमको व्यवस्था नहुनु,

ज) शिक्षकहरूको क्षमता विकासकका कार्यक्रम व्यवहारीकरण नहुनु ।

## १.३ शिक्षा क्षेत्रका चुनौति विश्लेषण

यस गाउँपालिकाभित्र शिक्षा क्षेत्रमा देखा परेका मूख्य समस्या तथा चुनौतिहरू देहाय बमोजिम छनः

क) प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षामा पहुँच विस्तार गर्न,

ख) बालमैत्री भौतिक संरचना निर्माण गर्न,

ग) पर्याप्त शिक्षक संख्या र सेवाकालीन तालिमको व्यवस्था गर्न,

घ) अभिभावकहरुमा बालबालिकाको भविष्य प्रतिको आस्था जगाउन,

ङ) समयानुकुल ICT, पुस्तकालय, विज्ञान प्रयोगशालाको व्यवस्था गर्न,

च) गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षामा सबैको पहुँच विस्तार गरी सिपयुक्त सक्षम नागरिक उत्पादन गर्न,

छ) उच्च शिक्षा प्रदायक संस्थाको सक्षमता विस्तार गर्न,

ज) शिक्षकहरुलाई पेसाप्रति उत्तरदायी र जवाफदेही बनाउन ,

झ) शिक्षा क्षेत्रमा हुने अनावश्यक राजनीतिक हस्तक्षेप अन्त्य गर्न,

ञ) शिक्षकहरुमा स्व-अध्ययन गर्ने बानीको विकास गर्न,

ट) आम अभिभावकहरूको सामुदायिक विद्यालय प्रतिको साझा धारणा विकास गर्न,

## १.४ अवसरहरु

क) साक्षर नेपाल घोषणा हुने तयारीमा छ ।

ख) अधिकांश बालबालिका शिक्षाको पहुँचमा पुगेका छन्।

ग) विद्यालय छोड्ने, कक्षा दोहोर्याउने दरमा कमी आई शैक्षिक क्षति न्यून भएको छ ।

घ) अधिकांश बस्तीहरूमा विद्यालय स्थापना भई बालमैत्री पूर्वाधार विकासका कार्यहरु द्रुतगतिमा सञ्चालनमा रहेका छन्।

ङ) शैक्षिक गुणस्तर सुधारका लागि प्रत्येक स्थानीय तहलाई ICT, पुस्तकालय र विज्ञान प्रयोगशाला उपलब्ध गरिएका छन् ।

च) विद्यालयमा व्यवस्थापन र सुशासन कायम राख्न विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ।

छ) शैक्षिक गुणस्तर कायम राख्न निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली प्रयोगमा ल्याइएको छ।

ज) विद्यालयमा विद्यार्थीलाई सिकाऔं, टिकाऔं र विकाऔंलाई अभियानको रूपमा सञ्चानमा ल्याईएको छ।

झ) शिक्षकको बढुवामा तालिमवाफत अङ्क दिने व्यबस्था गरी तालिमतिर आकर्षण गरिएको छ ।

ञ) संविधानमा नै माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन तथा सञ्चालन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ।

ट) विद्यालय शिक्षाको व्यवस्थापन तथा शैक्षिक गुणस्तर वृद्धिका लागि तिनवटै तहका सरकारले लगानी गरिरहेका छन्।

ठ) स्थानीय तहको परिवेश सुहाउँदो स्थानिय बासिन्दाको सहभागीतामा स्थानीय शिक्षा योजना निर्माण गर्ने अधिकार स्थानीय तहलाई नै दिईएको छ।

ड) एकीकृत पाठ्यक्रम निर्माण गरी कार्यन्वयनको चरणमा रहेको छ ।

ढ) शिक्षक सेवा आयोगद्वारा खुल्ला प्रतिष्प्रधाका आधारमा रिक्त शिक्षक दरबन्दीमा पद पूर्ती गर्ने व्यवस्था मिलाइएको छ।

ण) माध्यमिक शिक्षा साधारण र संस्कृत शिक्षाका साथै प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ ।

# परिच्छेद २ दूरदृष्टि, उद्देश्य, रणनीति, तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरू

## २.२ दुरदृष्टि

**राष्ट्रिय सोच**

सक्षम सिजनशील र संस्कारयुक्त नागरिक तहार गरी नेपालको सामाजिक आर्थिक रूपान्तरणको माध्यमबाट "समृद्ध नेपाल सुखि नेपाली" को राष्ट्रीय पुरा गर्ने

**मार्मा गाउँपालिकाको दीर्घकालीन सोच र गन्तव्य**

"निःशुल्क सर्बसुलभ गुणस्तरीय शिक्षा, सदाचारी र स्वावलम्बी नागरिक मार्माकोको अपेक्षा"

## २.३ लक्ष्य

मार्माको समग्र विकासको लागि आवश्यक सक्षम, सदाचारी, स्वावलम्बी, नैतिकवान, समयानूकूल प्राविधिक ज्ञान सिप भएका नागरिक तयार गर्नु

## २.४ उद्देश्य

गाउँ शिक्षा योजनाका प्रमुख उद्देश्यहरू निम्नानुसार छन्

१) विद्यालय शिक्षामा सबै बालबालिका विशेषतः सामाजिक तथा आर्थिक कारण सुविधा विहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

२) प्रत्येक बालबालिकाको विद्यालय जाने तत्परता प्रारम्भिक सिकाइ र गुणस्तरीय सिकाइ उपलब्धी सुनुश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने,

३) सबै किशोरीहरूले जीवनोपयोगी सिपसहितको औपचारिक शिक्षा पुरागर्ने, माथिल्लो तहमा अध्ययन गर्ने र जीवन पर्यन्त सिकाइको अवसर हासिल गर्ने कुराको सुनिश्चिता गर्न, माथिल्लो तहमा अध्ययन गर्ने र जीवन पर्यन्त सिकाइको अवसर हासिल गर्ने कुराको सुनिश्चितता गर्नु,

४) प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गरी सबैको पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु,

५) मार्मा गाउँपालिकाका सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु,

६) मार्मा गाउँपालिकाभित्र शिक्षा प्रणालिमा सुशासन कायम गरी पारदर्शिता, उत्तरदायित्व र जबाफदेहिताको विकास गर्नु।

## २.५ रणनीति

१) प्रारम्भिक बाल विकासको संख्यात्मक विस्तार गरी सबै बालबालिकाको लागि अनिवार्य गर्ने, ( १.१)

२) अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सरोकारवाला सबै निकायको क्षमता विकास, जागरुक र जवाफदेही बनाउने,( १.२)

३) प्रतिभा पलायनबाट बच्न मागमा आधारित प्रविधिमैत्री शिक्षा प्रणालिको विकास गरी सिपयुक्त जनशक्ति तयार पार्ने, (२.१)

४) युवाहरुका लागि यसै गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरु सञ्चालन गरी गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच सुनिश्चित गर्ने, (२.२)

५) गुणस्तरीय उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न उच्च शिक्षा प्रदायक संस्थाहरुको संस्थागत क्षमता विकास गर्न सहयोग उपलब्ध गर्ने, (३.१)

६) नागरिकहरुलाई कामको संसारसँग परिचित गराई सिपको प्रमाणीकरणको व्यवस्था गर्ने, (४.१)

७) शिक्षाको समग्र गुणस्तर कायम गर्न प्रतिफलमा आधारित लगानी पद्धतिको विकास गर्ने, (१,२,३,४,५,६ )

## २.६ कार्यनीति

१) प्रत्येक आधारभूत विद्यालयहरुमा प्रारम्भिक बालविकास केन्द्र स्थापना गरी सम्पूर्ण बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षा अनिवार्य गरिने छ।( १.१)

२) प्रारम्भिक बालविकास सहजकर्ताको क्षमता अभिवृद्धि गर्न समय समयमा सेवाकलीन तालिमको व्यवस्था गरिने छ।(१.२)

३) बालविकास सहजकर्ताको दरबन्दीमा खुला प्रतिष्पर्धाबाट स्थायी सहजकर्ता नियुक्तिका लागि नेपाल सरकारलाई आग्रह गरिने छ।(१.३)

४) विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिका विद्यालयमा भर्ना गर्न अभिभावक, शिक्षक ,सरकारी तथा गैरसरकारी संस्थाहरू परिचालन गरिनेछ र विद्यालय बाहिर रहेका बालबालिकाको संख्या शून्यमा झारिनेछ ।(२.१)

५) विशेष सिकाइ आवश्यकता भएका र सिकाइबाट बञ्चित बालबालिकाहरुलाई लक्षित गरी वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चानलन गरिनेछ ।(२.२)

६) शैक्षिक क्षति न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ भने विद्यलयतिर आकर्षण गर्न बालमैत्री कार्यक्रम,दिवा खाजा, मनोरञ्जनात्मक सिकाइका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।(२.३)

७) दिगो विकास र दीर्घकालीन आवश्यकता पुरा गर्नबालमैत्री, अपाङ्गमैत्री, सुरक्षित भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ।(२.४)

८) विपन्न सीमान्तकृत बालबालिकाहरूका लगि सुरक्षित आवासीय विद्यालय सञ्चालनमा ल्याइनेछ।(२.५)

९) शैक्षक गुणस्तर वृद्धिका लागि थप शिक्षक दरबन्दी माग गरी पुनर्वितरण गरिनेछ र दरबन्दी प्रप्त नभएसम्मका लागि गाउँपालिकाबाट थप शिक्षण स्वंमसेवक परिचालन गरिनेछ ।(२.७)

१०) शिक्षण पेसाको सम्मानगर्दै शिक्षकहरूको व्याक्तित्व विकासका लागि प्रविधिमा आधारित शैक्षक कार्यक्रम सञ्चालन गरिनेछ।(२.८)

११)प्रत्येक शैक्षिक संस्थाहरूमा विज्ञान प्रयोगशाला र पुस्तकालयहरुको व्यवस्था गरिनेछसाथै e-library को विकासमा विशेष जोड दिइनेछ।(२.९)

१२)प्रत्येक विद्यालयहरूमा ICT को पहुँच विस्तार गरी विद्यार्थीहरूलाई पाठ्यपुस्तकको भारी बोकाउने परिपाटीको अन्त्य गर्दै प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिइनेछ ।(२.११)

१३)विद्यार्थीको शारीरिक सुरक्षाका लागि प्रत्येक माध्यमिक विद्यालयमाविद्यार्थीको स्वास्थ्य सुरक्षाका लागि एक विद्यालय एक नर्स कार्यक्रम र दिवा खाजा तयार गर्न तालिम प्राप्त भान्सेको व्यवस्था गरिनेछ ।(२.१२)

१४)स्थानीय ज्ञान सीपमा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय भाषा, कला,साहित्य, संस्कृतिको जगेर्नाका साथै विकासमा विशेष पहल गरिनेछ । (२.१३)

१५)प्रत्येक वर्ष विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी नतिजामा आधारित विद्यालय पोत्साहनमूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ।(३.१)

१६)गाउँपालिकामा विज्ञहरूको समूह गठन गरी कक्षा अवलोकन तथा नमुना कक्षा प्रस्तुति गर्न लगाइनेछ ।(३.२)

१७)विद्यार्थीको सद्चरित्र निर्माण गर्न चरित्र विकास सम्बन्धी कार्यक्रम सञ्चानमा ल्याइनेछ ।(२.१४)

१८)माध्यमिक तह उत्तीर्ण परीक्षामा उत्तीर्ण विद्यार्थीलाई साक्षरता विकास तथा शैक्षिक जागरण कार्यक्रम सञ्चालनमा सरिक गरिनेछ ।(२.१५)

१९)उच्च शिक्षा हासिल गरेका व्याक्तिहरुलाई शैक्षिक गुणस्तर सुधारका लागि परिचालन गरिनेछ ।(२.१६)

२०)विद्यालय शिक्षामा उत्कृष्ट प्रतिभा भएका विद्यार्थीहरुलाई रुचीमा आधारित उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति लगायत थप सहयोगहरु उपलब्ध गराइनेछ ।(२.१७)

२१)माध्यमिक विद्यालयहरूमा प्राविधिक शिक्षा दिन वहुप्राविधिक विद्यालय सञ्चालन गरिनेछ भने उच्च शिक्षामा प्राविधिक विध्यालय सञ्चालन गर्न नेपाल सरकाससँग सहकार्य गरिनेछ ।(४ र ५)

२२)यस गाउँपालिका भित्रका प्राविधिक तथा  व्यवसायिक धारको शिक्षा प्राप्त गरेका नागरिकलाई परिचालन गरी व्यवसायिक सचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।(४.१)

२३)कुनै विद्यालयमा भएका असल अभ्यासहरूलाई मार्मा गाउँपालिका भित्रका विद्यालयहरुमा समान्यीकरण गरिनेछ।(२.१८)

२४)सिपको अभावका कारण बेरोजगार रहेका व्यात्तिहरुका लागि जीविकोपार्जन सम्बन्धी लक्षित कार्यक्रमसञ्चालनमा ल्याइनेछ। साथै गाउँपालिकाका विभिन्न क्षेत्रमा उद्योग स्थापना गरी जीवनोपयोगी कार्यक्रम सञ्चालनमा ल्याइनेछ।(४.२)

२५) आर्थिक,सामाजिकर भौगोलिक कारणले पछि परेका व्यक्तिहरूका लागि मागमा आधारित शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।(४.३)

२६) एक माध्यमिक विद्यालय एक प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।(५.१)

२७) उच्च शिक्षामा सबैको पहुँच पुर्याउन शैक्षिक संस्थालाई आर्थिक अनुदान र गुणस्तर सुधार गर्न प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।(६.१)

२८) उच्च शिक्षा प्रदायक संस्थाहरूमा e-library स्थापना गरिनेछ।(६.२)

२९) मार्मा गाउँपालिकाभित्र कुनै पनि नागरिकले सिकेका विशेषज्ञद्वारा मूल्याङ्कन गरी सिपको प्रमाणिकरण र प्रमाणप्रत्र दिने व्यवस्था गरिनेछ।(७.१)

**३०)** शैक्षिक प्रगतिको वार्षिक कार्यसम्पादन परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।(८.१)

| क.स. | सूचक | राष्ट्रिय र | आधार वर्ष | २०८५ | २०८८ | सूचकको | कार्य सम्पादन सम्बन्धी सूचनाको |
|---|---|---|---|---|---|---|---|

| | | स्थानीय तह | २०८२ | | | श्रोत | श्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बाल विकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकासको कूल भर्नादर% | स्थानीय | २६६.५ | १२० | १०० | | स्थलगत |
| | | राष्ट्रिय | ८६.२ | | | | |
| १.२ | प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका % | स्थानीय | ५९.३ | ६५ | ८० | | IEMIS |
| | | राष्ट्रिय | ६८.६ | | | | |
| २ | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर% | स्थानीय | ५८ | ७० | ८० | | IEMIS |
| | | राष्ट्रिय | ९६.९ | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबलिकाको कुल प्रवेश दर% | स्थानीय | १८० | १५० | १२० | | स्थलगत |
| | | राष्ट्रिय | १२१.९ | | | | |
| २.३ | आधारभूत तह(कक्षा १-५) को खुद भर्नादर% | स्थानीय | ७०.०८ | ८० | ९० | | IEMIS |
| | | राष्ट्रिय | ९७.१ | | | | |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दर% | स्थानीय | १४२.७ | १२५ | ११० | | स्थलगत |
| | | राष्ट्रिय | ११९.२ | | | | |
| २.५ | आधारभूत तह कक्षा ५ को खुद प्रवेश दर% | स्थानीय | ५२ | ६० | ८० | | IEMIS |
| | | राष्ट्रिय | ९८.३ | | | | |
| २.६ | आधारभूत तह कक्षा ५ को कुल प्रवेश दर% | स्थानीय | ४८५.७ | ३०० | २१० | | स्थलगत |
| | | राष्ट्रिय | ११३.० | | | | |
| २.७ | आधारभूत तह कक्षा ५ सम्मको टिकाउ दर% | स्थानीय | ९८ | १०० | १०० | | विद्यालयहरू |
| | | राष्ट्रिय | ९३.० | | | | |
| २.८ | आधारभूत तह (कक्षा ५) पुरा गर्ने दर% | स्थानीय | ८७ | ९० | ९५ | | विद्यालयहरू |
| | | राष्ट्रिय | ८५.५ | | | | |
| २.९ | आधारभूत तह(कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका% | स्थानीय | २४.९ | १६ | १० | | IEMIS |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | | |
| २.१० | आधारभूत तह (कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.०७ | १.० | १.० | | IEMIS |
| | | राष्ट्रिय | १.०६ | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८)मा खुद भर्नादर% | स्थानीय | ७९.९ | ८५ | ९० | | IEMIS |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८)मा कुल भर्नादर% | स्थानीय | १२५.१ | ११५ | १०८ | | स्थलगत |
| | | राष्ट्रिय | ११०.४ | | | | |
| २.१३ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर% | स्थानीय | ९० | ९३ | ९६ | | विद्यालयहरू |
| | | राष्ट्रिय | ७९.३ | | | | |
| २.१४ | आधारभूत तह कक्षा १ मा भर्ना भइ कक्षा ८ पुरा गर्ने दर% | स्थानीय | ९२ | ९४ | ९७ | | विद्यालयहरू |
| | | राष्ट्रिय | ७२.२ | | | | |
| २.१५ | आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.०७ | १.० | १.० | | IEMIS |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | १.०१ | १.०१ | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका ( कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका ) बालबालिक % | नेपाली भाषा | स्थानीय | ५३ | ६० | ६५ | | विद्यालयहरू |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | ४८ | ५३ | ५८ | | विद्यालयहरू |
| | | | राष्ट्रिय | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका ( कक्षा ५ को आधारभूत तह हासिल भएका ) बालबालिक % | नेपाली | स्थानीय | ४३.० | ५८.० | ६५.० | | विद्यालयहरू |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | | |
| | | गणित | स्थानीय | ४५.० | ५५.५ | ७०.० | | विद्यालयहरू |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | | |
| | | अंग्रेजी | स्थानीय | ३५.० | ४६.० | ६५.० | | विद्यालयहरू |
| | | | राष्ट्रिय | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिक % | नेपाली | स्थानीय | ९९.७ | १०० | १०० | | गाउँपालिका |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | | |
| | | गणित | स्थानीय | ६४.६ | ६७.९ | ७०.० | | गाउँपालिका |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | | |
| | | विज्ञान | स्थानीय | ९७ | ९८ | १०० | | गाउँपालिका |
| | | | राष्ट्रिय | ४३.८ | ५०. | ६०.० | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका % | आधारभूत तह (कक्षा १-५ ) | स्थानीय | २.५ | १ | ० | | स्थलगत |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | | |
| | | आधारभूत तह (कक्षा १-८) | स्थानीय | ५.९ | ४.५ | १ | | स्थलगत |
| | | | राष्ट्रिय | ६.६ | | १.० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) मा अध्यापनरत शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या % | स्थानीय | | ४१ | ४३ | ४७ | | गाउँपालिका |
| | | राष्ट्रिय | | ४३.७ | ४५.० | ५०.० | | |
| **३.** | | | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर% | स्थानीय | ८६.१६ | ९० | | IEMIS |
| | | राष्ट्रिय | ४७.६ | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर% | स्थानीय | ११२.९ | १०८ | | स्थलगत |
| | | राष्ट्रिय | ७१.४ | | | |
| ३.३ | माध्यमिक तह कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | १.२२ | १.१ | | IEMIS |
| | | राष्ट्रिय | १.०२ | १.० | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रानजिसन दर% | स्थानीय | ९८.० | १०० | | विद्यालय |
| | | राष्ट्रिय | ९७.५ | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर % | स्थानीय | ७५.८ | ८० | | विद्यालय |
| | | राष्ट्रिय | ६०.३ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.६ | कक्षा १ मा भर्ना भएकामध्ये कक्षा १२ मा पुग्ने दर % | स्थानीय | | २६.४ | ३० | | विद्यालय |
| | | राष्ट्रिय | | २४.० | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२)मा कार्यरत महिला शिक्षक सङ्ख्या % | स्थानीय | | ० | ७ | | गाउँपालिका |
| | | राष्ट्रिय | | २०.६ | २२.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या % | स्थानीय | विज्ञान | ० | १० | | |
| | | | प्रा.व्या. | ० | १० | | गाउँपालिका |
| | | राष्ट्रिय | विज्ञान | | | | |
| | | | प्रा.व्या | १०.० | १७.० | | |
| ३.९ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि | नेपाली | स्थानीय | ५५.०२ | ६० | | विद्यालयहरू |
| | | | राष्ट्रिय | | | | |
| | | गणित | स्थानीय | ३०.४ | ३५ | | विद्यालयहरू |
| | | | राष्ट्रिय | | | | |
| | | विज्ञान | स्थानीय | ४५.६ | ५० | | विद्यालयहरू |
| | | | राष्ट्रिय | | | | |
| | | अंग्रेजी | स्थानीय | ४२.३ | ४६ | | विद्यालयहरू |
| | | | राष्ट्रिय | | | | |
| ४ | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि)% | स्थानीय | | ८०.० | ९०.० | | स्थलगत |
| | | राष्ट्रिय | | ५८.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) % | स्थानीय | | ८३.० | ९१.० | | स्थलगत |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | | |
| ४.३ | साक्षरता दर (१५-२४ वर्ष उमेर समूह) | स्थानीय | | ९५.० | ९७.० | | स्थलगत |
| | | राष्ट्रिय | | ९२.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता ( १५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.५७ | ०.६५ | | स्थलगत |
| | | राष्ट्रिय | | ०.६५ | | | |
| ५ | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक तथा तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति % | स्थानीय | | २५.० | ३५.५ | | स्थलगत |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | | |
| ५.२ | प्राविधिक तथा व्यवसायिक शिक्षा (कक्षा ९-१२ डिप्लोमा, प्रि डिप्लोमा वा सोसरह) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | २० | ३० | | स्थलगत |
| | | | छात्र | ४० | ५० | | |
| | | राष्ट्रिय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| ६. | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५)मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | १९:१ | १६:१ | | IEMIS |
| | | राष्ट्रिय | | २४:१ | | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८)मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ७८:१ | ७०:१ | | IEMIS |
| | | राष्ट्रिय | | ३०:१ | | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८)मा विद्यार्थी शिक्षक | स्थानीय | | २७:१ | २५:१ | | IEMIS |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुपात (सामुदायिक विद्यालय) | राष्ट्रिय | ३३:१ | ३१:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०)मा विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ६७:१ | ६०:१ | | IEMIS |
| | | राष्ट्रिय | ४०:१ | | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२)मा विद्यार्थी शिक्षक अनुपात | स्थानीय | ८४:१ | ७५:१ | | IEMIS |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | | |
| ७ | | | | | | |
| ७.१ | उच्च शिक्षामा कूल भर्ना दर (%) | स्थानीय | | | | |
| | | राष्ट्रिय | १२.० | १७.० | | |
| ७.२ | उच्च शिक्षामा महिला सहभागिता अनुपात | स्थानीय | | | | |
| | | राष्ट्रिय | ०.९० | ०.९४ | | |
| ७.३ | प्राविधिक उच्च शिक्षामा विद्यार्थी भर्ना दर ( %) | स्थानीय | | | | |
| | | राष्ट्रिय | २५.० | | | |
| ८ | | | | | | |
| ८.१ | कुल बजेटको शिक्षा क्षेत्रमा बिनियोजित बजेट | स्थानीय | २३.५७ | २५ | | गाउँपालिका |
| | | राष्ट्रिय | १०.६८ | १५.० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | २१.३४ | २३ | | गाउँपालिका |
| | | राष्ट्रिय | १८ | २१ | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु. हजारमा) | स्थानीय | ११.७२ | १५ | | गाउँपालिका |
| | | राष्ट्रिय | ११ | १५ | | |

## २.७ अपेक्षित उपलब्धि

विद्यलाय क्षेत्र विकास कार्यक्रमको उत्तराधिकारीका रूपमा यो योजना तयार पारिएको छ । यस योजनाले सबै तहको खुद भर्नादर १०० प्रतिशत पुर्याउने, कूल भर्ना दर १०० प्रतिशतमा झार्ने, टिकाउ दर १०० प्रतिशत पुर्याउने, लैङ्गिक समता सूचक १ पुर्याउने, विद्यालय बाहिर रहेका बालबालिकाको संङ्ख्या शून्यमा झार्ने, माध्यमिक तहसम्मको टिकाउ दर १०० प्रतिशत पुर्याउने, कक्षा दोहर्याउने दर शून्यमा झार्ने, पन्ध्र वर्ष भन्दा माथिको साक्षरता दर ९८ प्रतिशत पुर्याउने र मार्मा गाउँपालिकाको  कूल बजेटको ३० प्रतिशत शिक्षामा लागानी लागानी गर्ने यो योजनाको लक्ष्य रहेको छ ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

# परिच्छेद ३ विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू

शिक्षा मानवीय आधारभूत आवश्यकता हो । व्यक्तिलाई आत्मनिर्भर, आत्म सम्मान र स्वपहिचान झल्काउन शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ ।व्यक्ति कस्तो छ भन्ने कुरा उसमा भएको ज्ञान,सिप र विवेकले चिनिन्छ ।व्याक्तिलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा पहिचान कायम गर्न शिक्षाको जरुरत पर्छ ।मार्मा गाउँपालिकाले प्रारम्भिक बाल विकास शिक्षा,आधारभूत शिक्षा, माध्यमिक शिक्षा,प्राविधिक तथा व्यावसायिक शिक्षा र जीवनपर्यन्त शिक्षा कस्तो बनाउने भन्ने सम्बन्धमा यस परिच्छेदमा चर्चा गरिएको छ ।

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

प्रारम्भिक बालशिक्षा शिक्षाको आधारशिला हो । प्रारम्भिक बाल विकास शिक्षा बालबालिकाहरूको शारीरिक,संवेगात्मक, नैतिक,आध्यात्मिक क्षमताको विकास गरी बालबालिकालाई विद्यालय आउने बानीको विकासमा सहयोग पुर्याउन प्रारम्भिक बाल विकास शिक्षाको आवश्यकता पर्छ । वर्तमान समयमा मार्मा गाउँपालिकामा नेपाल सरकारबाट २५ वटा र गाउँपालिकाबाट १२ गरी जम्मा ३७ वटा बाल विकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । प्रत्येक बाल विकास केन्द्रमा महिला सहजकर्ताको व्यवस्था गरिएको छ भने हालसम्म यस गाउँपालिकामा प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहितको कक्षा १ मा भर्ना हुने बालबालिका ५९.३ प्रतिशत रहेको छ ।

### प्रारम्भिक बाल विकास शिक्षाको उद्देश्य

१) प्रारम्भिक बाल विकास र शिक्षामा सहागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

२) प्रराम्भिक बाल विकासको गुणस्तर सुनिचित गर्नु,

### रणनीतिहरू

प्रारम्भिक बाल विकास शिक्षाको विकासको लागि मार्मा गाउँपालिकाले अपनाउने रणनीतिहरू निम्नानुसार छन्

१) प्रारम्भिक बाल विकास र शिक्षामा सबै बालबालिकाको पउँच सुनिश्चित गर्न निश्चित मापदण्ड तयार गरी प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्ने,

२) प्रत्येक विद्यालयमा अनिवार्य रूपमा बालविकास केन्द्र स्थापना गरि विद्यालयबाट टाढा रहेका बस्तिहरूका बालबालिकाहरूको पहुँच पुर्याउन बाल विकास केन्द्र पुनर्वितरण र स्थापना गर्ने,

३) बालविकास केन्द्रहरूलाई प्रविधिमैत्री बनाउन बालविकास केन्द्रहरूमा ल्यापटप र प्रक्षेपक उपलब्ध गर्ने,

४) प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र थप नभएसम्म बालविकास सहजकर्ताका लागि गाउँपालिकाले थप प्रोत्साहनको व्यवस्था गर्ने,

५) बालविकास सहजकर्ताका लागि समय समयमा क्षमता अभिवृद्धि तालिमको व्यवस्था गर्ने,

६) पाठ्यक्रम विकास केन्द्रबाटस्वीकृत पाठ्याक्रमको प्रभावकारी ढङ्गले कार्यन्वयन गर्ने र कार्यन्वयन भए नभएको अनुगमन गर्ने,

**७)** प्रारम्भिक बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाहरुको मूल्याङ्कनका लागि मूल्याङ्कन निर्देशिका जारी गर्ने

८) प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारिता वृद्धिको परिवार, समुदाय, गैरसरकारी संस्था निजी क्षेत्र र विद्यालयबिच सहकार्य गर्ने ।

| क.स. | सूचक | राष्ट्रिय र स्थानीय तह | आधार वर्ष २०८२ | २०८५ | २०८८ | सूचकको |
|---|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बाल विकास र शिक्षा** | | | | | |
| १.१ | प्रारम्भिक बालविकासको कूल भर्नादर % | स्थानीय | २६६.५ | १२० | १०० | |
| | | राष्ट्रिय | ८६.२ | | | |
| १.२ | प्रारम्भिक बालविकास शिक्षाको अनुभब लिई कक्षा १ मा भर्ना भएका बालबालिका % | स्थानीय | ५९.३ | ६५ | ८० | |
| | | राष्ट्रिय | ६८.६ | | | |

### ३.१.१ नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजाको कार्यान्वयन पश्चात पश्चात हासिल हुने मुख्य नतिजा निम्नानुसार प्रस्तुत गरिएको छः

### ३.१.२ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

योजना कार्यान्वयनको लागि सञ्चालन गरिने प्रमुख क्रियाकाप र  वार्षिक लक्ष निम्नानुसार छन्

| कार्यक्रमहरु | **योजना अवधिको कुल लागत ( रु हजारमा )** | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | **स्रोत** |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | **संघ** |
| १ प्रारम्भिक बाल विकास शिक्षा | | | | | | | ५०% |
| १.१ सहयोगी कार्यकर्ता तालिम | ५०० | ५० | ५० | ५० | ५० | ५० | |
| १.२ सहयोगी कार्यकर्ता तलब भत्ता | ५९८० | ५९८ | ५९८ | ५९८ | ५९८ | ५९८ | |
| १.३ भौतिक पूर्वाधार निर्माण | १९००० | ४००० | ५००० | ५००० | ५००० | | |
| १.४ ल्यापटप,प्रोजेक्टर | ४६०० | ५०० | ७०० | ८०० | ९०० | ८०० | |
| १.५ बाल बिकास केन्द्र व्यवस्थापन | १३८०० | १३८० | १३८० | १३८० | १३८० | १३८० | |
| १.६ बाल विकास सहकर्ता प्रोत्साहन | ४६०० | ४६० | ४६० | ४६० | ४६० | ४६० | |
| जम्मा | ४८४८० | ६९८८ | ८१८८ | ८२८८ | ८३८८ | ३२८८ | |

## ३.२ आधारभूत शिक्षा

आधारभूत शिक्षा औपचारिक शिक्षाको पहिलो खुड्किलो हो ।आधारभूत शिक्षा जति गुणस्तरीय र समय सान्दार्भिक दिन सक्यो उति नै माथिल्लो शिक्षाको गुणस्तर र सान्दार्भिकता बढ्दै जान्छ। मानवीय आधारभूत आवश्यकताको रूपमा रहेको शिक्षा ज्ञान,सीप र प्रविधियुक्त ढङ्गले दिन सकेमा भोलिका कर्णाधार आजका बालबालिका भएकाले देशको भविष्य सुनौलो बन्ने देखिन्छ। बालबालिकाहरूमा भाषिक,तार्किक, व्यवहारिक गणितीय, सूचना प्रविधि, समालोचनात्मक चिन्तन, जीवनोपयोगी सीप विकास गराउने कुरा निर्विवाद छ तर सबै बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षाको अवसरसहित आधारभूत तहमा प्रवेश गराउनु,आधारभूत तहका सम्पूर्ण बालबालिकाहरुलाई गुरस्तरीय शिक्षाको प्रत्याभूति दिनु,खुद भर्ना दर शतप्रतिशत पुर्याउनु, कक्षा दोहर्याउने र छोड्ने दर शून्यमा झार्नु सिकाइ उपलब्धिमा उल्लेख्य वृद्धि

गर्नु, लैङ्गिक समता कायम गर्नु चुनौतिका रूपमा रहेका छन् ।यिनका साथसाथै बालमैत्री वातावरण निर्माण गर्नु पर्याप्त भौतिक पूर्वाधार विकास गर्नु,शिक्षकहरुको विषयगत र कक्षागत दरबन्दीकोव्यवस्था मिलाउनु, सरोकारवाला पक्षलाई जागरुक गराई सबैलाई बालबालिकाको भविष्य निर्माण साझा लक्ष्यकासाथ एकढिक्का बनाउनु थप चुनौतिका रूपमा रहेका छन् ।

मार्मा गाउँपालिकाको वर्तमानअवस्था केलाएर हेर्दा आधारभूत तहकक्षा १-८ खूद भर्ना दर ७९.९प्रतिशत, कूल भर्ना दर १२५.१ प्रतिशत, प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका बालबालिकाको ५९.३ प्रतिशत रहेकोछ ।सुरक्षित बालमैत्री, अपाङ्गमैत्री वातावरणमैत्री सम्पन्न विद्यालयको सङ्ख्या ११ वटा रहेको छ ।

## आधारभूत तहका उद्देश्यहरू

मार्मा गाउँपालिकाले निर्धारण गरेका आगामी दश वर्षे गाउँ शिक्षा योजनाका आधारभूत तहका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

१) गाउँपालिकाभरिका सबै बालबालिकाको लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु
२) आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
३) सबै बालबालिकाहरूमा न्युनतम सिकाई उपलब्धिहासिल हुने गरीशैकषिक गुस्तर निश्चित गर्नु,
**४)** आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु,

## रणनीतिहरू

आधारभूत तहको सुधारको लागि यस गाउँपालिकाले अवलम्बन गर्ने रणनीतिहरू देहायअनुसार छन् :

१) विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने,
२) विद्यालय बाहिर रहेका बालबालिकाको विवरण सङ्कलन गरी पहुँच सुनिश्चितता लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चान गर्ने,
३) आधारभूत तहको शिक्षाको सक्षमतामा आधारित मापदण्ड बनाई न्यूनतम सिकाइको क्षेत्र निर्धारण गरी सबै विद्यालयलाई अनिवार्य पुरा गर्न बाध्यकारी व्यवस्था लागुगर्ने,
४) आधारभूत तहको शिक्षाको गुणस्तर सुधार गर्न शिक्षा सम्बद्ध सरोकारवाला निकाय शिक्षक, अभिभावक,बुद्धिजीवि,समाजसेवी सबैलाई जागरण अभियान सञ्चालन गर्ने,
५) विद्यालय छोड्ने , कक्षा दोहर्याउने दर घटाउने तथा खूद भर्ना दर तह पुरा गर्ने दरमा वृद्धि गर्न यस्ता बालबालिकाको अवस्था पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने,
६) सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पुरा नहुन्जेल

सम्मका लागि गाउँपालिकाले स्वंयमसेवक शिक्षक परिचालन गरी गुणस्तर कायम गर्ने, यसका लागि दक्ष, सक्षम, योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा छनोट गर्ने,

७) विद्यार्थीहरूको सूचना प्रविधिसम्म पहुँच पुर्याउन संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारका कार्यक्रमहरू समस्याको प्राथमिकताको आधारमा पुनर्वितरण गर्ने,

८) विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरणको विकास गर्ने,

९) प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धित विद्यालयका शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने,

१०)विद्यालयमा सिकाऔं,टिकाऔंर विकाऔं भन्ने कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न विद्यालयमा सरसफाइ, दिवा खाजा भण्डारण तथा तयारी लगायतका कार्यक्रमहरु अनुगममन गरी उत्कृष्टलाई पुरस्कार तथा कमजोरलाई सुधार गर्न प्रेरित गर्ने,

११)विद्यालयमा सूचना संकलन तथा तथ्याङ्क व्यवस्थापन प्रणालीमा सुधार ल्याई समग्र गाउँपालिकाको शैक्षिक गुणस्तर मापन गर्ने प्रक्रिया अंगाल्ने,

१२)आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिकशिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने,

१३)गरेर सिक्ने वातावरण निर्माण गर्न प्रत्येक विद्यालयमा विज्ञान प्रयोगशाला र स्वंयम खोज्ने बानीको विकास गर्न पुस्तकालयक, इ-पुस्तकालय ,अनलाइन पढाइ आदिको अनिवार्य व्यवस्था गर्ने,

१४) शिक्षाको गुणस्तर कायम गर्न योग्यता पुगेका व्यक्तिलाई सिकाइ सुधार कार्यक्रमका लागि गाउँ बस्तीहरूमा परिचालन गर्ने,

१५)स्थानीय भाषा, कला, संस्कृति, सभ्यताको जगेर्ना, जीवनोपयोगी सिप, व्यवहारिक सिप र मूल्यमा आधारित शिक्षाको विकास गर्न स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने,

१६)कक्षा १ -३ सम्मका बालबालिकाको पढाइसिपको विकास गर्न अभिभावकद्वारा हाम्रा बाबु हाम्रा नानी आफैले नै बनाउछौं ज्ञानी कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने,

१७)प्रत्येक विद्यालयमा बाल सञ्जाल गठन गरी पढाइ लेखाइका साथै अतिरिक्त क्रियाकयाप प्रतियोगिता आयोजना गरी बहुमुखी प्रतिभाको विकासमा सहयोग पुर्याउने,

१८)प्रत्येक विद्यालयमा विद्यालय सुधार योजना (SIP) निर्माण गर्न लगाई उपलब्धि समीक्षाको प्रक्रिया अगाडि बढाउने,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

यस योजाको कार्यान्वयन पश्चात पश्चात हासिल हुने मुख्य नतिजा निम्नानुसार प्रस्तुत गरिएको छः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **आधारभूत शिक्षा (कक्षा १-८)** | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रबेश दर% | स्थानीय | ५८ | ७० | ८० | १० |
| | | राष्ट्रिय | ९६.९ | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबलिकाको कुल प्रवेश दर% | स्थानीय | १८० | १५० | १२० | १० |
| | | राष्ट्रिय | १२१.९ | | | |
| २.३ | आधारभूत तह(कक्षा १-५) को खुद भर्नादर% | स्थानीय | ७०.०८ | ८० | ९० | १० |
| | | राष्ट्रिय | ९७.१ | | | |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दर% | स्थानीय | १४२.७ | १२५ | ११० | १० |
| | | राष्ट्रिय | ११९.२ | | | |
| २.५ | आधारभूत तह कक्षा ५ को खुद प्रवेश दर% | स्थानीय | ५२ | ६० | ८० | १० |
| | | राष्ट्रिय | ९८.३ | | | |
| २.६ | आधारभूत तह कक्षा ५ को कुल प्रवेश दर% | स्थानीय | ४८५.७ | ३०० | २१० | ११ |
| | | राष्ट्रिय | ११३.० | | | |
| २.७ | आधारभूत तह कक्षा ५ सम्मको टिकाउ दर% | स्थानीय | ९८ | १०० | १०० | १० |
| | | राष्ट्रिय | ९३.० | | | |
| २.८ | आधारभूत तह (कक्षा ५) पुरा गर्ने दर% | स्थानीय | ८७ | ९० | ९५ | १० |
| | | राष्ट्रिय | ८५.५ | | | |
| २.९ | आधारभूत तह(कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका% | स्थानीय | २४.९ | १६ | १० | ५ |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १० |
| २.१० | आधारभूत तह (कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.०७ | १.० | १.० | १.० |
| | | राष्ट्रिय | १.०६ | | | १.० |
| २.११ | आधारभूत तह (कक्षा १-८)मा खुद भर्नादर% | स्थानीय | ७९.९ | ८५ | ९० | ९५ |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १० |
| २.१२ | आधारभूत तह (कक्षा १-८)मा कुल भर्नादर% | स्थानीय | १२५.१ | ११५ | १०८ | १० |
| | | राष्ट्रिय | ११०.४ | | | |
| २.१३ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर% | स्थानीय | ९० | ९३ | ९६ | १० |
| | | राष्ट्रिय | ७९.३ | | | ९५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१४ | आधारभूत तह कक्षा १ मा भर्ना भइ कक्षा ८ पुरा गर्ने दर% | | स्थानीय | ९२ | ९४ | ९७ | १० |
| | | | राष्ट्रिय | ७२.२ | | | ९५ |
| २.१५ | आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक समता सूचाङ्क | | स्थानीय | १.०७ | १.० | १.० | १.० |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका ( कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका ) बालबालिक % | नेपाली भाषा | स्थानीय | ५३ | ६० | ६५ | ७५ |
| | | | राष्ट्रिय | | | | |
| | | गणित | स्थानीय | ४८ | ५३ | ५८ | ६५ |
| | | | राष्ट्रिय | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका ( कक्षा ५ को आधारभूत तह हासिल भएका ) बालबालिक % | नेपाली | स्थानीय | ४३.० | ५८.० | ६५.० | ७५ |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७० |
| | | गणित | स्थानीय | ४५.० | ५५.५ | ७०.० | ८२ |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७० |
| | | अंग्रेजी | स्थानीय | ३५.० | ४६.० | ६५.० | ८५ |
| | | | राष्ट्रिय | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिक % | नेपाली | स्थानीय | ९९.७ | १०० | १०० | १० |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ |
| | | गणित | स्थानीय | ६४.६ | ६७.९ | ७०.० | ७५ |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७० |
| | | विज्ञान | स्थानीय | ९७ | ९८ | १०० | १० |
| | | | राष्ट्रिय | ४३.८ | ५०. | ६०.० | ७० |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका % | आधारभूत तह (कक्षा १-५ ) | स्थानीय | २.५ | १ | ० | ० |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० |
| | | आधारभूत तह (कक्षा १-८) | स्थानीय | ५.९ | ४.५ | १ | ० |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० |
| २.२० | आधारभूत तह (कक्षा १-८) मा अध्यापनरत शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या % | | स्थानीय | ४१ | ४३ | ४७ | ५० |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५० |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर% | | स्थानीय | ८६.१६ | ९० | ९५ | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५.० | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर% | | स्थानीय | ११२.९ | १०८ | १०५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ७१.४ | | |
| ३.३ | माध्यमिक तह कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | १.२२ | १.१ | १.० |
| | | राष्ट्रिय | १.०२ | १.० | १.० |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रानजिसन दर% | स्थानीय | ९८.० | १०० | १०० |
| | | राष्ट्रिय | ९७.५ | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर % | स्थानीय | ७५.८ | ८० | ८५ |
| | | राष्ट्रिय | ६०.३ | | |
| ३.६ | कक्षा १ मा भर्ना भएकामध्ये कक्षा १२ मा पुग्ने दर % | स्थानीय | २६.४ | ३० | ३५ |

## प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

योजना कार्यान्वयनको लागि सञ्चालन गरिने प्रमुख क्रियाकाप र वार्षिक लक्ष निम्नानुसार छन्

| **आधारभूत शिक्षा** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भौतिक पूर्वाधार | | | | | | | | |
| कक्षा कोठा | २१६००० | २१०० | २७००० | ३३००० | ३९००० | ४५००० | | |
| शौचालय | ९५००० | ८०० | १०००० | १४००० | १८००० | २०००० | | |
| खानेपानी | ९४०० | ७०० | ८०० | १२०० | २००० | २२०० | | |
| घेरपर्खाल | ६१५०० | ४५०० | ६००० | ७५०० | १०५०० | १२००० | | |
| फर्निचर | ५३२५ | ४०० | ५०० | ६०० | ७०० | १३७५ | | |
| विज्ञान प्रयोगशाला | ४०५०० | ३००० | ४५०० | ६००० | ६००० | ७५०० | | |
| पुस्तकालय | १७५०० | १४०० | २१०० | २८०० | २८०० | ३५०० | | |
| इ — पुस्तकालय | १७५०० | ३००० | ४५०० | ६००० | ६००० | ७५०० | | |
| स्थानीय पाठ्यक्रम निर्माण | १५०० | १००० | | | | | | |
| वडा स्तरीय प्रतियोगिता | २०००० | २०० | २०० | २०० | २०० | २०० | | |
| शिक्षक तलब भत्ता | ६५०००० | ६५००० | ६५००० | ६५००० | ६५००० | ६५००० | | |
| वालउद्यान र वाचनालय | ६००० | १०० | १०० | १०० | १०० | १०० | | |
| इन्टर नेट | २३४० | १८० | २४० | ३०० | ३६० | ४२० | | |
| जम्मा | ११२१५६५ | ८२३८० | १२०९४० | १३६७०० | १५०६६० | १६४७९५ | | |

## ३.३ माध्यमिक शिक्षा

माध्यमिक शिक्षा विद्यार्थीलाई सिपमूलक शिक्षा दिई कामको संसारसँग सम्बन्धित हुनु सान्दर्भिक हुन्छ । आज विद्यालयमा सिकेको सिपले भोलिको संसारमा बिक्ने जनशक्ति उत्पादनमा माध्यमिक शिक्षा केन्द्रत हुनु पर्दछ ।विगतका योजनाहरूले प्राविधिक तथा व्यवसायिक विषयका पाठ्यक्रम निर्माण गरिए पनि उत्पादित जनशक्तिलाई कामको संसारसँग परिचित गर्न नसकेको र सैद्धान्तिक ज्ञानमा मात्र सीमित राखिएको देखिन्छ। अब यस योजनाले कुन क्षेत्रमा के कस्ता र कति जनशक्ति उत्पादन गर्ने र तिनीहरूलाई स्वरोजगार, उद्यमशील, राष्ट्रप्रेमी कसरी बनाउने भन्ने कुरालाई हेक्का राख्नु अपरिहार्य हुन्छ । विद्यार्थीहरूमा सैद्धान्ति ज्ञानलेमात्र नहुने भएकाले प्रयोगात्मक ज्ञान र सिकेको सिपको व्यवहारमा उपयोग गराउनेतर्फ यो नयाँ शिक्षा योजना सफल सिद्ध हुनेछ ।

मार्मा गाउँपालिकाको माध्यमिक शिक्षाको वर्तमान अवस्था हेर्दा कुल भर्ना दर ११२.९ प्रतिशत , खुद भर्ना दर ८६.१६, लैङ्गिक समता सूचाङ्क १.२२ रहेको छ । यस्तो अवस्थामा माध्यमिक शिक्षामा पहुँच विस्तार गरी गुणस्तर कायम गर्नु , प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्नु, बालमैत्री वातावरण स्थापना गरी गुणस्तरीय माध्यमिक शिक्षाको प्रत्याभूति दिनु,माध्यमिक शिक्षाको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार ल्याउनु, उद्यम विकास र स्वरोजगारको वातावरण सिर्जना गर्नु, प्रतिभा पलायन रोक्नु जस्ता कुराहरु चुनौतिका रूपमा रहेका छन् ।

### माध्यमिक शिक्षाका उद्देश्यहरू

१) गुणस्तरीय माध्यमिक शिक्षामा पहुँच विस्तार गरी विद्यार्थीहरूलाई सिपमूलक शिक्षातर्फ केन्द्रित गर्नु,
२) प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गरी स्वरोजगार,उद्यमशील र देश निर्माणको लागि योग्य र मूल्यमा आधारित जनशक्ति उत्पादन गर्नु,
३) राष्ट्रिय तथा अन्तराष्ट्रिय ज्ञान, सिप,तथ्य, घटनाको अध्ययन गरी आफू बसेको ठाउँको शैक्षिक वातावरण परिष्कृत, समयानुकूल र परिवर्तन गर्न सक्ने जनशक्ति उत्पादन गर्नु ,
४) उच्च शिक्षाका लागि आवश्यक योग्य, दक्ष, क्षमतावान र स्वपहिचान सहितको जनशक्ति उत्पादन गर्नु,
५) दैनिक जीवनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी नवीनतम् सूचना लिन र दिन साथै पेसा तथा व्यवसायमा यसको सहज प्रयोग गर्न सक्षम बनाउनु,
६) राष्ट्र,राष्ट्रियता र लोकतान्त्रिक भावना र संस्कारको विकास गर्नु ।

## रणनीतिहरू

मार्मा गाउँपालिकाले माध्यमिक शिक्षाको उद्देश्य पुरा गर्न देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गर्नेछः

१) माध्यमिक शिक्षामा पहुँच नएका बालबालिकाहरूको पहिचान गरी आवस्यकतामा आधारित लक्षित कार्यक्रम सञ्चालन गर्ने र सरोकारवाला निकायहरूमा चेतनाको विकास गरी पहुँच विस्तार गर्ने ,

२) गरिबी,विपन्न र विविध समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि आर्थिक सहयोग तथा आवाससहितको व्यवस्था गर्ने ,

३) कक्षा ८ उत्तीर्ण गरेका मेघावी विद्यार्थीहरूका लागि माध्यमिक शिक्षा र उच्च शिक्षा प्रदान गर्न गाउँपालिकाले आवश्यक सहयोग गर्ने,

४) सम्पूर्ण बालबालिकाहरूलाई सुरक्षित विद्यालय वातावरण निर्माण गर्न प्राकृतिक प्रकोप पूर्व सजकता,उद्दार तथा पुनस्थापनाको व्यवस्था गर्ने,

५) विद्यार्थीको मनोबल बढाउन मनोसमाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने,

६) दिगो विकासको लक्ष्यमा आधारित विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरी विद्यालय सरसफाइ, हरियो विद्यालय, सुरक्षित घेरपर्खालको व्यवस्था गर्ने,

७) प्रत्येक माध्यमिक विद्यालयमा विषयगत दरबन्दीका लागि नेपाल सरकार समक्ष माग गर्ने, दरबन्दी उपलब्ध नभएसम्मका लागि गाउँपालिकाले प्रतिष्प्रधाका आधारमा शिक्षण स्वयमसेवकको व्यवस्था गर्ने र शिक्षकको क्षमता विकासका लागि मागमा आधारित पेशागत विकास तालिम प्रदान गर्ने,

८) छात्रवृत्ति,शैक्षिक सामग्री लगायतका कार्यक्रमहरू थप प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने ,

९) प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न एक माध्यमिक विद्यालय एक प्राविधिक धारको कार्यक्रमसञ्चालन गर्ने,

१०) प्रत्येक माध्यमिक विद्यालयहरूमा गुणस्तरमा आधारित प्रतिस्प्रधात्मक कार्यक्रम सञ्चालन गर्ने,

११) प्रत्येक माध्यमिक विद्यालयमा इ- पुस्तकालय, विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबकको अनिवार्य व्यवस्था गर्ने,

१२) विद्यार्थीहरूको बहुमुखी प्रतिभाको विकास गराउन पालिकास्तरीय प्रतिस्प्रधात्मक कार्यक्रम सञ्चालन गर्ने,

**१३)** प्रत्येक माध्यमिक विद्यालयमा साङ्गितिक प्रयोशालाको व्यवस्था गर्ने ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजाको कार्यान्वयन पश्चात पश्चात हासिल हुने मुख्य नतिजा निम्नानुसार प्रस्तुत गरिएको छः

| सूचकहरू | | | २०८२ | २०८५ | २०८८ | |
|---|---|---|---|---|---|---|
| माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर% | स्थानीय | | ८६.१६ | ९० | १०० | IEMIS |
| | राष्ट्रिय | | ४७.६ | | | |
| माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर% | स्थानीय | | ११२.९ | १०८ | १०० | स्थलगत |
| | राष्ट्रिय | | ७१.४ | | ९९.० | |
| माध्यमिक तह कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | | १.२२ | १.१ | १.० | IEMIS |
| | राष्ट्रिय | | १.०२ | १.० | १.० | |
| आधारभूत तहबाट माध्यमिक तहमा ट्रानजिसन दर% | स्थानीय | | ९८.० | १०० | १०० | विद्यालय |
| | राष्ट्रिय | | ९७.५ | | | |
| कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर % | स्थानीय | | ७५.८ | ८० | ९० | विद्यालय |
| | राष्ट्रिय | | ६०.३ | | | |
| कक्षा १ मा भर्ना भएकामध्ये कक्षा १२ मा पुग्ने दर % | स्थानीय | | २६.४ | ३० | ४५ | विद्यालय |
| | राष्ट्रिय | | २४.० | | | |
| माध्यमिक तह (कक्षा ९-१२)मा कार्यरत महिला शिक्षक सङ्ख्या % | स्थानीय | | ० | ७ | १९ | गाउँपालिका |
| | राष्ट्रिय | | २०.६ | २२.० | ३३.० | |
| माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या % | स्थानीय | विज्ञान | ० | १० | २० | गाउँपालिका |
| | | प्रा.व्या. | ० | १० | २० | गाउँपालिका |
| | राष्ट्रिय | विज्ञान | | | | |
| | | प्रा.व्या | १०.० | १७.० | | |
| कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि | नेपाली | स्थानीय | ५५.०२ | ६० | ७० | विद्यालयहरू |
| | | राष्ट्रिय | | | | |
| | गणित | स्थानीय | ३०.४ | ३५ | ६० | विद्यालयहरू |
| | | राष्ट्रिय | | | | |
| | विज्ञान | स्थानीय | ४५.६ | ५० | ६५ | विद्यालयहरू |
| | | राष्ट्रिय | | | | |
| | अंग्रेजी | स्थानीय | ४२.३ | ४६ | ६० | विद्यालयहरू |
| | | राष्ट्रिय | | | | |

## प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

योजना कार्यान्वयनको लागि सञ्चालन गरिने प्रमुख क्रियाकाप र  वार्षिक लक्ष्य निम्नानुसार छन्

| माध्यमिक शिक्षा | २०८३/२०८४ | २०८५ | २०८६ | २०८७ | २०८८ |
|---|---|---|---|---|---|
| भौतिक पूर्वाधार | | | | | |
| कक्षा कोठा | २७००० | १८००० | १८००० | २४००० | १५००० |
| शौचालय | ४००० | ४००० | ५००० | ६००० | ६००० |
| खानेपानी | ४०० | ५०० | ६०० | ६०० | ६०० |
| घेरपर्खाल | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| डेस्क बेञ्च | २५० | ३०० | ३५० | ४०० | ४०० |
| आवासीय भवन | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| शिक्षक तलब भत्ता | ९२०० | ९२०० | ९२०० | ९२०० | ९२०० |
| विज्ञान प्रयोगशाला | २००० | २००० | २००० | २००० | २००० |
| पुस्तकालय | १००० | १००० | १००० | १००० | १००० |
| इ — पुस्तकालय | १००० | १००० | १००० | १००० | १००० |
| सांगीतिक प्रयोगशाला/ सामग्री | १००० | १००० | १००० | १००० | १००० |
| कम्प्युटर ल्याब | १००० | १००० | १००० | १००० | १००० |
| इन्टर नेट | १८० | २४० | | | |
| मनोसामाजिक परामर्श | ३५० | ३५० | ३५० | ३५० | ३५० |
| उत्कृष्ट विद्यार्थी पहिचान कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० |
| एक मा.वि. एक नर्स कर्यक्रम | २५९३.५ | २५९३.५ | २५९३.५ | २५९३.५ | २५९३.५ |
| जम्मा | ६१५७४ | ५२७८४ | ५३६९४ | ६०७४४ | ५१७४४ |
| | | | | | |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

मुलुकको समृद्धि र विकासको मूल आधार प्राविधिक तथा व्यावसायी शिक्षा हो ।प्राविधिक तथा व्यवसायिक शिक्षाले मानव जीवनका सबै पाटाहरू समेटेको हुन्छ ।स्वरोजगार, सिपमा आधारित शिक्षा, जीवनपर्यन्त शिक्षा ,जीवनोपयोगी शिक्षाको मेरुदण्डको रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्वपूर्ण स्थान रहेको हुन्छ । इन्जिनियरिङ, चिकित्सा ,वन सङ्गीत लगायतका थुप्रै विषयमा पाठ्यक्रम विकासकेन्द्रले पाठ्यक्रम बनाइसकेकाले तिनीहरुको कार्यन्वयन गर्नु आजको आवश्यकता पनि हो ।

मार्मा गाउँपालिका राजधानिबाट टाढा मात्र नभएर भौगोलिक हिसाबले पनि विकट रहेको छ । मार्मा गाउँपालिकामा आजसम्म पनि कुनै विषयमा प्राविधिक डिप्लोमा तहको पठनपाठन सञ्चालन हुन सकेको छैन् । विद्यालय तहका मेघावी छात्रछात्राहरूले प्राविधिक शिक्षा आर्जनका लागि गाउँपालिका बाहिरमात्र नभएर

जिल्ला बाहिर जानु पर्ने अवस्था छ ।यस्तो परिप्रेक्षमा प्रविधिक शिक्षा आर्जन गर्ने विद्यार्थीको सङ्ख्या २७५ जना रहेको छ।

### प्राविधिक तथा व्यवसायिक शिक्षाका उद्देश्यहरू

१) प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच विस्तार गरी गुणस्तरीय बनाउनु ,

२) मार्माको विकासका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नुका साथै समग्र देश विकासमा जिम्मेवार भूमिका निर्वाह गर्ने दक्ष जनशक्ति उत्पादन गर्नु '

३) श्रमप्रति सम्मान गर्ने, स्वरोजगार उन्मुख जनशक्ति उत्पादन गरी देशमा व्याप्त गरिबी र बेरोजगारी घटाउनु ।

### रणनीतिहरू

१) यस गाउँपालिकाले निर्धारण गरेको प्राविधिक तथा व्यावसायिक शिक्षाको उद्देश्यहरु प्राप्तिका निम्ति निम्नलिखित रणनीतिहरू अवलम्वन गर्नेछः

२) गाउँपालिकाको प्रत्येक वडामा फरक फरक धारको प्राविधिक तथा व्यवसायिक शिक्षा दिने शिक्षालय स्थापना गर्नमा विषेश जोड दिने ,

३) विद्यार्थीहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षातर्फ पहुँच विस्तार गर्न छात्रवृति प्रदान गर्नुका साथै क्रमश साधारण शिक्षा जस्तै निशुल्क बनाउने,

४) योग्य,दक्ष र तालिम प्राप्त जनशक्तिलाई प्रशिक्षणमा नियुक्त गर्नुका साथै कार्यरतलाई आवश्यकता र मागका आधारमा पेशागत सिप विकास तालिम प्रदान गर्ने,

५) प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई स्वरोजगार बनाउन सुरुवाती चरणमा आर्थिक सहयोग गरी समय समयमा माग र आवश्यकताको आधारमा व्यावसायिक तालिम उपलब्ध गर्ने,

६) उत्पादित बस्तु तथा सेवाको बिक्रि बितरणका लागि बजारको खोजी गर्न आवस्यक सहयोग गर्ने,

७) उद्यमशीलता विकास तालिम सञ्चालन गरी उद्यमी उत्पादन गर्ने,

८) सामूहिक उत्पादन प्रणालीको विकास गर्ने ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

यस योजाको कार्यान्वयन पश्चात पश्चात हासिल हुने मुख्य नतिजा निम्नानुसार प्रस्तुत गरिएको छः

| मुख्य नतिजा सूचक | | | आधार वर्ष २०८२ | २०८५ | २०८८ |
|---|---|---|---|---|---|
| प्राविधिक तथा व्यावसायिक तथा तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति % | स्थानीय | | २५.० | ३५.५ | ५५.० |
| | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० |
| प्राविधिक तथा व्यवसायिक शिक्षा (कक्षा ९-१२ डिप्लोमा, प्रि डिप्लोमा वा सोसरह) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | २० | ३० | ५० |
| | | छात्र | ४० | ५० | ८० |
| | राष्ट्रिय | छात्रा | | | |
| | | छात्र | | | |

## प्रमुख क्रियाकलाप

योजना कार्यान्वयनको लागि सञ्चालन गरिने प्रमुख क्रियाकाप र  वार्षिक लक्ष्य निम्नानुसार छन्

| **प्राविधिक तथा व्यवसायिक शिक्षा** | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०८८ |
|---|---|---|---|---|---|---|
| भौतिक पूर्वाधार | ६०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| प्रशिक्षक तलब भत्ता | १०५३०० | १०५३० | १०५३० | १०५३० | १०५३० | १०५३० |
| पेशागत सिप विकास तालिम | १००० | १०० | १०० | १०० | १०० | १०० |
| प्रयोगशाल तथा शिक्षण सिकाइ सामग्री | १२००० | १२०० | १२०० | १२०० | १२०० | १२०० |
| जम्मा | १७८३०० | २१८३० | २१८३० | २१८३० | २१८३० | २१८३० |
| **प्राविधिक तथा व्यवसायिक शिक्षा** | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०८८ |
| भौतिक पूर्वाधार | ६०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| प्रशिक्षक तलब भत्ता | १०५३०० | १०५३० | १०५३० | १०५३० | १०५३० | १०५३० |
| पेशागत सिप विकास तालिम | १००० | १०० | १०० | १०० | १०० | १०० |
| प्रयोगशाल तथा शिक्षण सिकाइ सामग्री | १२००० | १२०० | १२०० | १२०० | १२०० | १२०० |
| जम्मा | १७८३०० | २१८३० | २१८३० | २१८३० | २१८३० | २१८३० |

## ५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न,जीविकोपार्जनमा सहयोग पुर्याउन  रसंसारसँग आवद्ध गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाहरु हुन् निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा। शिक्षा आर्जन गर्ने चाहना भएका तर औपचारिक शिक्षाबाट वञ्चित व्यक्तिहरूलाई विभिन्न मार्ग अवलम्बन गरी विभिन्न समयमा विभिन्न माध्यमहरूको उपयोग गरी यस प्रकारका शिक्षा दिँदै आएका छन्। यस गाउँपालिकाले पनि समय समयमा प्रौढ कक्षाहरू सञ्चालन, विभिन्न उद्यम विकासका कक्षाहरु सञ्चालन, सिपमूलक तालिम पुनर्ताजगी तालिम सञ्चालन गर्दै आएको छ। मार्मा गाउँपालिकाले निरन्तर शिक्षा, अनौपचारिक शिक्षा, खुला सिकाइ तथा जीवनपर्यन्त शिक्षाको विकासका लागि निम्नानुसार उद्देश्य राखेको छ :

१) औपचारिक शिक्षाबाट वञ्चित बालबालिका तथा पौढहरूलाई शैक्षिक संसारसँग परिचित गराई जीविकोपार्जनमा सहयोग पुर्याउनु

माथि उल्लेखित उद्देश्य पुरा गर्न देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिने छः

१) गाउँपालिका भित्र रहेका निरक्षर र साक्षरता शिक्षा प्राप्त गरेका व्यक्तिहरूका लागि क्षमता विकास तालिम सञ्चालन गर्ने,
२) साक्षरता शिक्षा प्राप्त व्यक्तिहरूलाई निरन्तर शिक्षाको अनिवार्य व्यवस्था गर्ने,
३) युवा तथा प्रौढहरूका लागि मागमा आधारित सिप विकास तालिम सञ्चालन गरिनेछ र सिप लिएकाहरूका लागि पुनर्ताजगी तालिम सञ्चालन गर्ने।

## परिचछेद ४ अन्तरसम्बन्धित विषय वा क्षेत्र

### ४.१ पाठ्यक्रम र मूल्याङ्कन

पाठ्यक्रम सिकाइको एक योजना हो । शिक्षाको राष्ट्रिय,तहगत तथा कक्षागत उद्देश्यहरू परिपुर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो । समय सापेक्ष रूपमा पाठ्यक्रम परिमार्जन हुँदै जान्छ र परिवर्तित पाठ्यक्रम कार्यन्वयनका लागि आवश्यक साधन तथा स्रोतको परिचालन गरी उल्लेख्य रूपमा कार्यन्वयनमा जोड दिइने छ । हाल कक्षा १ -३ मा लागु भएको एकीकृत पाठ्यक्रम प्रभावकारी कार्यान्वयनमा ल्याइने र सोहि अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरीएकोले कार्यन्वयनमा ल्याइने छ । गाउँपालिकाको आवश्यकताको विषयहरू समेटेर स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तयार गरी कार्यन्वयनममा ल्याइने छ । शिक्षकहरूका लागि पाठ्यक्रम परिमार्जन समयमा आवश्यक प्रबोधीकरण तालिम सञ्चालन गरी पाठ्यक्रमकको आधारमा शिक्षण गराउने परिपाटिको विकास गरिने छ । बालबालिकाहरूमा आफ्नो स्थानीय तहमा प्रचलनमा रहेको भाषा, कला, संस्कृति,रीतिरिवाज परम्परा, मूल्यमान्यताहरूको केहिन केहि ज्ञान आफू बसेको समाज र समुदायबाट सिकेका हुन्छन् । आफू आफ्नो कला संस्कृतिको जगेर्ना गर्न नसकेकको खण्डमा क्रमिक रूपमा तिनीहरूको लोप हुने कुरा पनि निश्चित छ । विदेशी संस्कृतिको हालिमुहालि र स्वदेशी र स्थानिय संस्कृतिकको लोप हुने क्रम बढेसँगै सम्पूर्ण नेपालीमा अपन्वत्वको भावना विकास गराउन स्थानिय पठ्याक्रम तथा पाठ्यासामग्रीको विकास हुँदै आएको छ । जो प्राथमिक तहमा अनिवार्य विषयका रूपमा स्थानिय विषय समावेश गरिएको छ ।

स्थानिय पठ्यक्रम तथा पाठ्यसामग्रीको विकासका लागि स्रोत साधन र जनशक्तिको अधिकतम उपयोग गरीयथाशीघ्र विकास गरिने छ । स्थानीय भाषा, कला,संस्कृति र परम्परागत मूल्यमान्यताहरू, पर्यटन,वातावरणीय सन्तुलन, प्राविधिक ज्ञान सिपहरू प्रयोग र प्रचलनमा ल्याउने गरी एकीकृत पाठ्यक्रम

विकास गरिनेछ।यस गाउँपालिकाको सबै वर्ग, जाति,समुदाय तथा सांस्कृतिक मूल्यमान्यताहरूलाई आत्मासाथ गरी पाठ्यक्रम विकास गरिने छ ।

## ४.२ शिक्षक व्यवस्थपन र शिक्षक विकास

शिक्षक ज्ञान ,सिप ,सभ्यता र संस्कारले भरिएका व्यक्तित्व हुन । शिक्षकहरुलाई जति खुसी र कार्यप्रति आकर्षित गर्न सक्यो उति नै देशको शिक्षा प्रणालीले काचुली फेर्न सक्छ । शिक्षकहरूको सेवा, शर्त, सुविधा र वृत्तिविकासको बाटो अझै सशक्त र व्यवहारिक बनाई अगाडि बढ्नु सान्दर्भिक देखिन्छ । विद्यालयहरूमा शिक्षककोदरबन्दी मिलान, द्वन्द्व , तनाव व्यवस्थापन , समय व्यवस्थापन जस्ता पक्षमा ध्यान दिई विद्यालयको सर्वपक्षीय विकास गर्न शिक्षक व्यवस्थापन  र विकासमा जोडदिनु अत्यावश्यक छ ।

## ३.७. १ शिक्षक तयारी

शिक्षकहरू समाजका आदर्श व्याक्तित्व हुन ।समाजमा सदाचार, सुशासन र सकारात्मक धारणाको विकास गराउन शिक्षकको अहम् भूमिका रहेको हुन्छ ।शिक्षकहरू एक सामान्य वौद्धिक व्यक्तित्वमात्र नभएर सामाजर राष्ट्र परिवर्तनका हस्ति पनि हुन । शिक्षकहरू  सक्षम र पेसाप्रति लगनशील भएको खण्डमा मात्र शिक्षाले गति पाउन सक्दछ। शिक्षकहरूले विद्यालयमा काचो माटोरूपी रहेका बालबालिकालाई निश्चित आकार दिएर प्राज्ञिक व्याक्तित्व निर्माण गर्दछन् । यस्ता शिक्षक तयार गर्न छोटो समयमा  थोरै लगानीले सम्भव छैन् । अधिक लगानी र लामो समयको अन्तरालमा उत्पादित जनशक्तिलाई व्यवस्थित बनाउन सकेको खण्डमा मात्र शिक्षाले गति लिन सक्दछ । मार्मा गाउँपालिकाले शिक्षक तयारीका लागि देहाय बमोजिमका रणनीतिहरू अवलम्वन गर्ने छः

१) शिक्षण प्रशिक्षण हुने शैक्षिक क्षेत्रमा लगानी विस्तार गरी माध्यमिक, स्नातक र  स्नातकोत्तरमा अध्ययनरत विद्यार्थीहरूका लागि पेसाप्रति लगावको  भावना विकास गरी प्रतिस्प्रधात्मक भावना जगाउने,

२) विद्यालय शिक्षाका उत्कृष्ट विद्यार्थीहरूलाई शिक्षा क्षेत्रका विषयहरू पढ्न अग्रसर गराउने ,

३) समयसमयमा विज्ञापन खोली योग्य, दक्ष र क्षमतावान व्याक्ति छनौट गरी शिक्षक बनाउन संघीय सरकार समक्ष माग गर्ने,

४) शिक्षण र बालमनोविज्ञान सम्बद्ध विषयवस्तुहरू शिक्षा सङ्काय बाहेकका सङ्कायसँग पनि जोड्न आग्रह गर्ने,

५) संघीय सरकाबाट दरबन्दी थप दरबन्दी प्राप्त नभएसम्मका लागि पालिकाले खुला प्रतिस्पर्धाबाट शिक्षण स्वयंसेवक छनौट गरी परिचालन गर्ने,

## ३.७.२ शिक्षण पेसामा आकर्षणर नियुक्ति

शिक्षण पेसा आफैंमा मर्यादित र सम्मानित पेशा हो । जुन देशामा शिक्षकलाई जति सम्मान दिएका हुन्छन् त्यो देशको शिक्षा प्रणाली पनि त्यतिनै माथि रहेको हुन्छ । वर्तमान समयमा नेपालमा खुला प्रतिस्पर्धाको माध्यमबाट शिक्षक सेवा आयोगले शिक्षक नियुक्तिका लागि सिफारिस गरेसँगै शिक्षकहरूको पेशागत सम्मानमा पनि सहयोग पुगेको छ । वर्तमान समाजले पुँजीलाई सर्वोत्कृष्ट साधनका रूपमा स्वीकारेर दक्ष र सक्षम व्यक्ति पलायन हुन थालेका छन् । यस्तो परिप्रेक्षमा समयानुकूल जीवन निर्वाहका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु पनि शिक्षाण पेशाप्रति आकर्षण गराउने आधार हुनेछ । शैक्षिक गुणस्तर सुधारका लागि काम गरे बाफत अतिरिक्त सेवा सुविधाले पनि शिक्षण पेशामा आकर्षण गर्न सकिन्छ ।

१) योग्य, क्षमतावान, आदर्शचरित्रवान व्यक्तिलाई शिक्षक बन्न प्रेरित गर्ने,
२) शिक्षकहरूलाई समयसमयमा क्षमता विकासका कार्यक्रम सञ्चालन र राम्राकामको अनुकरणको वातावरण सिर्जना गर्ने,
३) शिक्षकहरूका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी व्यक्तित्व विकासमा सहयोग पुर्याउने,
४) शिक्षकहरूको बढुवा प्रक्रियामा चुस्त दुरुस्त बनाइ योग्यता र क्षमतावान शिक्षक बढुवाका लागि प्रत्येक वर्ष विज्ञापन गर्ने,
५) शिक्षकहरूको पेशागत मर्यादा कायम राख्न राम्रो कामको प्रशंसा गर्ने,
६) शिक्षण गरेको विषयमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धीको आधारमा शिक्षकलाई थप सुविधा प्रदान गर्ने ।

### ३.७.३ शिक्षण सिकाइ क्रियाकलाप

विद्यार्थीको मस्तिष्क तब धारिलो हुन्छ जब शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप कस्तो बानाउने भन्ने कुरा सम्बन्धित शिक्षकमा निर्भर हुन्छ भने प्राविधिक सहयोग विद्यालय र समुदायको रहेको हुन्छ।जबसम्म शिक्षकहरूमा अन्तरहृदयदेखि केहि गरूँ भन्ने भावनाको विकास हुँदैन तबसम्म विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुनसक्दैन। मार्मा गाउँपालिकाले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्वन गरिनेछ ।

१) शिक्षकहरुममा अन्तरहृदयदेखि नै पेसा प्रतिको सम्मानभाव र जिम्मेवारी महसुस गराइने,
२) विद्यार्थीको पूर्व क्षमतालाई आँकलन गरी रुचि, क्षमता र लगावका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
३) पाठ्यक्रमलाई मूल आधार बनाइ पाठ्यक्रमको प्रबोधिकरण र कार्यान्वयनमा प्रभावकारिता ल्याउने,
४) स्थानीय स्रोत साधानको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चार प्रविधिको शिक्षण सिकाइमा प्रयोग गरिने,

५) प्रत्येक विद्यार्थीहरूका लागि आवश्यक विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय, इ-पुस्तकालय र सामुदायिक पुस्तकालयको विकास गरिने,

६) Learning by doing,प्रयोगात्मक, परियोजनामा आधारित सिकाइलाई प्रभावकारी रूपले कार्यान्वयनमा ल्याइने,

७) कक्षा शिक्षण र विषयगत शिक्षण परम्पराको पूर्ण कार्यन्वयन गरिने ।

## ३.७.४ शिक्षकको उत्तरदायित्त्व

शिक्षक शिक्षण पेशाको शीर्ष व्यक्ति हो । शिक्षकले आफ्नो पेशाप्रति निर्वाह गर्नु पर्ने सम्पूर्ण जिम्मेवारीको जस अपजस स्वंयममा रहेको हुन्छ । शिक्षकले जति उत्तरदायित्व बहन गर्न सक्यो शिक्षा क्षेत्रले त्यति नै गति पाउँने भएकाले शिक्षक उत्तरदायित्व अपरिहार्य पक्ष बन्दै गएको छ ।यस योजनाले शिक्षक उत्तरदायित्वका लागि निम्न कार्यक्रम सञ्चालन गर्नेछ ।

१) विद्यार्थीको सफलता रअसफलताको जिम्मेवारी सम्बन्धित सरोकारवालालाई दिईनेछ भने त्यसको नेतृत्व शिक्षकलाई दिइने,

२) विद्यालयको चलअचल सम्पतिको संरक्षण र सामग्रीको उत्पादन र त्यसको प्रयोगको प्रभावकारिता मापन गर्न लगाइने,

३) निरन्तर विद्यार्थी मूल्याङ्कन, विद्यार्थी अभिलेख तयार, विद्यार्थी प्रगतिको विवरण तयार, विषयगत शिक्षण योजनाको तयारी तथा प्रयोग गर्न लगाउने ,

## ३.७.५ शिक्षक सहयोग पद्धति

शिक्षक शैक्षिक परिवर्तनका अगुवा हुन् । शैक्षिक परिवर्तनमा नेतृत्वलाई सहयोग पूर्याउने नभएमा नेत्तृत्व असफल हुने र शिक्षा प्रणाली नै धरापमा पर्न सक्छ । त्यसैले शिक्षकलाई सहयोग पुर्याउन यस योजनाले निम्न कुरामा ध्यान दिनेछः

१) विद्यालयमा शिक्षकले भोग्नु परेका समस्याहरू छलफलबाट पत्तालगाई तिनको निराकरण गर्न पालिकाले सहजीकरणको भूमिका नर्वाह गर्ने,

२) सामाजिक,आर्थिक, राजनैतिक, सांस्कृतिक,नैतिक समस्याको पहिचान गरी निराकरण गरिने,

३) समयसमयमा क्षममता विकास विकास तालिम सञ्चालन गरिने,

४) सूचना सञ्चारका आधुनिक प्रविधिसम्बद्ध तालिमको व्यवस्था गरिने,

५) शिक्षा क्षेत्रका गुनासो सुनि आवश्यक पेशागत सम्मान र सहयोगको व्यवस्था गरिने ,

६) नमुना विद्यालय भ्रमणको व्यवस्था गरिने,

७) शिक्षा क्षेत्र सम्बद्ध प्राकृतिक प्रकोपहरूमा शिक्षकहरूको सुरक्षा गर्न आवस्यक कार्यक्रम सञ्चालन गरिने।

### ३.७.६ शिक्षक क्षमता विकास कार्यक्रम

शिक्षक एक बहुआयामिक व्यक्तित्व हो। उसले एक क्षेत्र र विधाको ज्ञानले मात्र पेशागत दखल देखाउन सक्दैन त्यसै गरी एक समयको ज्ञानले सदाकालागि प्रयासहुन्छ भन्नु सर्वथा गलत कुरा हो । त्यसैले शिक्षकलाई समयानुकूल अद्यावधिक,जागरुक र समयसापेक्ष बनाउनु शिक्षक क्षमता विकास कार्यक्रमको उद्देश्य हो। शिक्षक क्षमता विकास कार्य गराउन यस पालिकाले निम्नानुसारका  कुराहरू ईङ्गित गरेको छ :

१) शिक्षा विकास निर्देशनालयले आयोजना गरेका पेसागत विकास तालिममा शिक्षकहरूलाई अनिवार्य सहभागी जनाउने र तालिममा सिकेका कुराहरु समूहमा आदानप्रदान गरिने,
२) पालिकास्तरीय क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिने,
३) पेशागत सहयोग पुर्याउने खालका सन्दर्भ सामग्री,पूरक सामग्री, सूचना प्रविधिमा आधारित सामग्रिको प्रयोग पक्षमा जोड दिइने,
४) विषयगत समस्याहरु सङ्कलन गरी सामूहिक निकास निकाल्ने परिपाटिको विकास गरिने,
५) कुनै विद्यालयले गरेको असल अभ्यासको सम्मान गर्दै अन्य विद्यालयमा पनि विस्तार गरिने,
६) शिक्षकहरूमा सकारात्मक स्वच्छ प्रतिस्पर्धाकोभावना विकास गराउन प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिने,
७) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएका शिक्षा क्षेत्रका नविनतम् प्रविधिलाई शिक्षकको क्षमता विकाससम्बद्ध बनाउन विभिन्न तालिम, गोष्ठी र कार्यशाला सञ्चालन गरिने
८) सूचना तथा प्रविधिको प्रयोग र व्यवस्थापन सिपको विकासमा जोड दिइने ।

## ४.३ शिक्षामा समानता र समावेशीकरण

नेपाल विविधताले भरिपूर्ण देश हो । मार्मा गाउँपालिका पनि यसै देशको एउटा स्थानीय तह भएकाले यहाँ पनि विविधता रहेको पाइन्छ। व्यक्तिले आर्थिक र सामाजिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्नेअवसरबाट वञ्चित मार्माका पछाडि परेका वर्गको शैक्षिक पहुँच विस्तार गर्न देहायबमोजिमका कार्यहरू सञ्चालन गरिनेछ :

१) आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्गको शिक्षामा पहुँच सुनिश्चिचित गर्न छात्रवृति लगायत थप आर्थिक सहुलियत प्रदान गर्ने,

२) आर्थिक रूपमा कमजोर बालबालिकाका अभिभावकहरूलाई आयआर्जनका लागि सिप विकास तालिम प्रदान गरी स्वरोजगार बनाउनुका साथै उनीहरूलाई स्थानीय रोजगारी उपलब्ध गराउने,
३) सूविधासम्पन्न आवासीय विद्यालयविकास गर्ने,
४) विद्यालयमा विशेष शिक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको विकास गर्ने ।

## ३.१३ शिक्षामा कमजोर वर्गको पहुँच

शिक्षा ऐन २०२८ ले दृष्टिबिहीन न्यूनदृष्टियुक्त, बहिरा,सुस्त श्रवण, अटिज्म, बौद्धिक शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रहि दिइने शिक्षालाई विशेष शिक्षा भनी परिभाषित गरेको छ साथै सामाजिक आर्थिक वा भौगोलिक कारणले पछाडि  पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षालाई पनि सङ्केत गरेको छ।

यस गाउँपालिका भित्र भौगोलिक रूपमा टाढा रहेका र आर्थिक रूपमा पछाडि परेका तथाशारीरिक रूपले अपाङ्ग र अशक्त व्यक्तिहरूका लागि शिक्षामा पहुचँ विस्तार गरी सबै नागरिकलाई सबल रसक्षम बनाउने उद्देश्य राखेको छ। यो उद्देश्य पुरा गर्न देहाय बमोजिमका रणनीतिहरू कार्यन्वयनमा ल्याइने छ :

१) शिक्षाबाट वञ्चित रहेका व्यक्ति, वर्ग,समुदायका लागि पहुँच योग्य सामुदायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,
२) गाउँपालिकाका विभिन्न स्थानहरूमा सिकाइ केन्द्र स्थापना गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,
**३)** सामुदायिक अध्ययनकेन्द्रको सक्रियता बढाइ अपाङ्गा र शिक्षाबाट बञ्चितव्यक्ति र समुदायका लागि प्रोत्साहन सहितको लक्षित कार्यक्रम सञ्चालन गर्ने।

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

## ४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि

शिक्षाको मेरुदण्डको रूपमा सूचना प्रविधि रहेको हुन्छ।सूचना सञ्चार प्रविधिको समुचित अधिकतम उपयोग गर्न सकेको खण्डमा शिक्षा समयानुकूल,गुणस्तरीय र प्रभावकारी हुन्छ।शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा रहेका सूचना सञ्चार प्रविधिको ज्ञान विश्वव्यापीकरणमा सहयोग पुर्याउने सशक्त माध्यमका रूपमा रहेको छ। आजको युगमा सूचना सञ्चार प्रविधिरहित शिक्षा दिन खोज्नु शिक्षा प्रणालीलाई विगतको शिक्षा प्रणालीमा

फर्काउनु जस्तै भएकाले यस योजनाले शिक्षामा सूचना प्रविधिको प्रयोगलाई सशक्त माध्यमका रूपमा अगाडि बढाएको छ। वर्तमान समयसम्म यस गाउँपालिकाले ४६ विद्यालयमध्ये ७वटा माध्यमिक र २ वटा आधारभूत विद्यालयमा कम्प्युटर ल्याब रinternet को व्यवस्था गरिसकेको छ। ८ वटा आधारभूत विद्यालयमा इ-पाटीको व्यवस्था गरिएको छ भने अन्य विद्यालयमा पनि नेपाल टेलिकमले ४G सेवा प्रदान गरेसँगै नेटकोपहुँचमा आइसकेका र क्रमिक रूपमा computer हरू उपलब्ध गराउने तयारी गरिएको छ।समग्रमा यस गाउँपालिकाको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न देहाय बमोजिमका रणनीतिहरू तय गरिएका छन् :

१) प्रत्येक विद्यालयमा क्रमिक रूपमा computer lab र internet जडानको कार्य यथासिघ्र प्रयोगमा ल्याउने,
२) Computer र projector प्रयोबाट audio – video कक्षाहरु सञ्चालनमा गर्ने,
३) One laptop per teacher program यथासिघ्र कार्यान्वयनमा ल्याउने,
४) प्रत्येक माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि आधुनिक प्रविधि जडान भएका कक्षाकोठाको व्यवस्थापनमा जोड दिने,
५) प्रत्येक विद्यालयमा e-library को व्यवस्था गरी सुदृढ सिकाइमा जोड दिने,
६) सूचना सञ्चार प्रविधिको क्रमिक विस्तार गरी बालबालिकालाई किताब र कापीको भारी बोक्ने प्रवृतिको अन्त्य गर्ने,
७) भौतिक उपस्थिति बिना विद्यार्थीले आवश्यक्तानुसार सिक्न सक्ने गरी प्रविधिको प्रयोगमा जोड दिने,
८) समाजमा पछि परेका वर्ग, जाति, सनुदाय र शारीरिक, मानसिक वा अन्य अपाङ्ग व्यक्तिहरूलाई प्रविधिको पहुँचमा प्राथमिकता दिने,
९) ज्ञान सिप आर्जन गर्न चाहने विद्यार्थीहरूका लागि मागमा आधारित प्रविधियुक्त तालिमको व्यवस्था गर्ने,
१०) लेखा व्यवस्थापनको लागि software प्रयोग गर्ने ।

## परिचछेद ५ अन्य उपक्षेत्रहरू

## परिच्छेद ६ सुशासन तथा व्यवस्थापन

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### क) शिक्षाको व्यवस्थापन

मुलुक संघीयतामा प्रवेश गरेसँगै विद्यालय व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिइएको छ। विद्यालय जति व्यवस्थित बनाउँन सक्यो उति नै शिक्षाले गति लिने भएकाले विद्यालय व्यवस्थापन चुस्त दुरुस्त बनाउनु

आजको आवश्यकता हो। विद्यालय व्यवस्थापनकको पाटोलाई चुस्तदुरुस्त बनाउन विद्यालय व्यवस्थापन समिति , शिक्षक अभिभावक संघ र यस गाउँपालिकाको भूमिका सर्वोपरी रहनेछ । सार्वजनिक शिक्षालाई गुणस्तरीय, उपलब्धिमुलक र समयानुकूल बनाउनु विद्यालय व्यस्थापनको मूल उद्देश्य हो। यस गाउँपालिकाले विद्यालय व्यवस्थापनका लागि देहायबमोजिमका रणनीतिहरू तयार पारेको छ :

१) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ प्रजातान्त्रिक वातावरणमा गठन गरी विद्यालयकको सम्पूर्ण गतिविधिप्रति जिम्मेवार बनाउने,
२) विद्याललयको गुणस्तर सुधारका लागि प्रतिस्पर्धात्मक वातावरणको विकास गर्ने,
३) पूर्ण सहभागितामा विद्यालय सुधार योजना र गुणस्तर सुधारका योजना बनाइ कार्यान्वयन गर्ने,
४) विद्यालयका शिक्षक,कर्मचारी र व्यवस्थापकहरूको राजनीति प्रतिको आवद्धता हटाइ विद्यालयप्रति जिम्मेवार हुनुपर्ने रणनीति अवलम्वन गर्ने,
५) प्रधानाध्यकको सेवा सुविधा बढाइ थप जिम्मेवार बनाउने,
६) सरोकारवालाका गुनासो सुन्न पालिकास्तरमा गुनासो सुन्ने संयन्त्रको व्यवस्था गर्ने,
७) विद्यालयका लेखा कर्मचारी र प्रधानाध्यपकहरूका लागि लेखा व्यवस्थापन तालिमको व्यवस्था गर्ने,
८) प्रधानाध्यापकहरूलाई दोहोरो जिम्मेवारीको बोझबाट मुक्त गरी प्रशासनिक र विद्यालय सुधारका कार्यमा मात्र विशेष जिम्मेवारी प्रदान गर्ने,
९) गाउँपालिकाले शिक्षकहरूसँग कार्यसम्पादन सम्झौता गरी निश्चित समयावधिका लागि प्रधानाध्यापकको पदमा नियुक्त गरी असल काम गर्नेलाई प्रसंशा तथा सम्मान गर्ने,
१०) बाल क्लब, रेडक्रस, इको क्लब, स्काउट जस्ता विद्यार्थीको सामूहिक समितिहरू गठन गर्ने ।

## गुणस्तरीय शिक्षा

गुणस्तरीय शिक्षा आजको पिँढीको आधारभूत आवश्यकता हो । साक्षरता विकास हुँदैमा देशले समृद्धि प्राप्त गर्न सक्दैन ।व्यक्तिले शिक्षा आर्जन गरिसके पश्चात स्वावलम्बी अनुशासित,आदर्श चरित्र उद्यमी मूल्यवान हुनु अपरिहार्य भएकाले UNESCO द्वारा प्रतिपादित Learning to know, Learning to do, Learning to be र Learning to live together पनि आत्मासाथ गर्नु पर्ने देखिन्छ । व्यक्तिलाई आत्मनिर्भर आत्मासम्मान र सिपयुक्त बनाई देश निर्माणका लागि सक्षम जनशिक्ति उत्पादनमा केन्द्रित हुनु पदर्छ। यस गाउँपालिकाले शिक्षालाई गुणस्तरीय बनाउन देहायबमोजिमका रणनीतिहरू अवलम्वन गर्नेछ :

१) शिक्षक विद्यार्थीको अनुपात आधारभूत तह ( कक्षा १ -५) मा १: १०, आधारभूत तह ( कक्षा ६ - ८) मा १: ३०,माध्यमिक तह ( कक्षा ९ -१०) मा १: ४० र माध्यमिक तह ( कक्षा ११ - १२) मा १: ५० पुर्याइने,

२) सहकार्यमूलक,सहभागितामूलक,जीवनोपयोगी शिक्षाको विकासमा गरी विशेष महत्वका साथ कार्यन्वयनमा ल्याइने,

३) पेशाप्रति प्रतिबद्ध सिपयुक्त शिक्षकको व्यवस्था गरिने,

४) निश्चित सूचकको तयार गरी प्रभावकारी रूपले विद्यालयको नियमित अनुगमन तथा निरीक्षण गरिने ।

## ख) संस्थागत क्षमता विकास

मूलुक संघीयतामा प्रवेश गरेसँगै ७ प्रदेश ७७ जिल्ला र ७५३ वटा स्थानीय तहमा विभाजित छ। शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तरगत शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाई त्यसैगरी प्रदेश अन्तरगत, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा सामाजिक विकास समिति अन्तरगत शिक्षा,युवा तथा खेलकुद शाखा रहेको छ ।यस शाखाको मातहतमा गाउँपालिका भित्र ४६ वटा सामुदायिक विद्यालय, २७ वटा बालविकास केन्द्र र २ वटा सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन्। प्रत्येक बाल विकास केन्द्र र विद्यालयहरूमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था गरिएको छ। यस पालिकाले विद्यालयको भौतिक पूर्वाधार विकास, शिक्षकको क्षमता विकास, बालबालिकाहरूका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन, सूचना सञ्चार प्रविधिका उपकरणको विस्तार र प्रयोग, विद्यार्थी सिकाइ सहजीकरण मूल्याङ्कनमा आधुनिकता रएकरूपता,विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास र उत्तरदायित्व बोध तथासरोकारवाला हरूलाई सक्रिय बनाइ विद्यार्थी सिकाइमा जिम्मेवार बनाइनेछ।

मार्मा गाउँपालिकाले शिक्षा क्षेत्रको समग्र क्षमता विकासका लागि संघीय र प्रदेश सरकारको सहकार्यमा देहाय बमोजिमका कार्यक्रमहरू प्राथमिकतामा राखेको छः

१) प्रधानाध्यापक छनौटमा आधुनिक सूचना सञ्चार प्रविधिको ज्ञानबाफत पनि अङ्क भारको विभाजन गरी गरी कार्यन्वयनमा ल्याइनेछ भने समय समयमा प्रधानाध्यापक क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने,

२) निर्धारित सूचकहरूका आधारमा विद्यालयको तथ्याङ्क संकलन र विश्लेषण गरी आकस्मिक शैक्षिक सुधार सहयोग योजना बनाइ कार्यान्वयन गर्ने,

३) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिमको व्यवस्था गरी विद्यालयमा सुशासनको प्रत्यभूति दिलाउने,

४) नयाँ बन्ने भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री वातावरणमैत्रि र दिगो विकासका अवधारणा अनुरूप विकास गर्ने,

५) शिक्षक अभिभावक संघबाट विद्यालयको समग्र पक्षको विकास गराउन विद्यालय व्यवस्थापन समितिलाई प्राविधिक सहयोग उपलब्ध गराउने,

६) हाम्रो विद्यालय राम्रो विद्यालय कार्यक्रम सञ्चालन गरी विद्यालय भित्र र समुदायमा शैक्षिक अनुकूल वातावरण तयार गर्ने गाउँपालिका भरिका बुद्धिजीवि नागरिक समाजको परिचालन गर्ने ।

७) संस्थागत विकासका लागि स्थानीय प्रदेश र संघीय सरकारको मुख ताक्ने प्रवृतिको अन्त्य गर्दै आफ्नो विद्यालय आफै बनाऔं अभियान सञ्चालनमा ल्याउने,

८) विद्यालयको सर्वपक्षीय विकासका लागि शैक्षिक जागरण अभियान सञ्चालन गर्ने र यसका लागि अभिभावकहरूलाई अग्रपङ्तिमा राख्ने,

९) विद्यालयका सम्पूर्ण जिन्सी समानहरुको अभिलेख तयार गरी प्रत्येक चिजको सुरक्षाका लागि व्यवस्थापन समितिलाई जवाफदेही बनाउने ।

## ६.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन नेपालको संघीय संरचना अनुसार अत्यन्त महत्वपूर्ण पाटो हो। नेपालको संविधानले माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पिएकाले यसको व्यवस्थापन पूर्ण रूपमा स्थानीय सरकारको क्षेत्रभित्र पर्दछ। यस शिक्षा योजना कार्यान्वयनको समग्र प्रबन्ध देहाय बमोजिम हुने गरी यस योजनाको कार्यान्वयनको प्रबन्ध मिलाइएको छः

### १. नीतिगत तथा कानुनी प्रबन्ध

- स्थानीय शिक्षा ऐन र नियमावलीः गाउँपालिकाले आफ्नो अनुकूलता र आवश्यकताका आधारमा स्थानीय शिक्षा ऐन, नियमावली तथा कार्यविधिहरू गर्दै आएको र तिनलाई समयानुकूल परिमार्जन गरिने छ।
- रणनीतिक योजना निर्माणः आवधिक रूपमा (सामान्यतः ३ र ५ वर्षका लागि) शिक्षाको वस्तुस्थिति विश्लेषण गरेर स्पष्ट लक्ष्य, उद्देश्य र सूचकसहितको प्रगति पत्ता लगाउन रणनीतिक योजना स्वीकृत गरी कार्यान्वयन गरिने छ।

## २. संस्थागत तथा संगठनात्मक संरचना

- गाउँ/नगर शिक्षा समितिः स्थानीय तहको प्रमुख वा उनले तोकेको व्यक्तिको संयोजकत्वमा शिक्षा समिति गठन हुन्छ, जसले शिक्षा सम्बन्धी नीतिगत निर्णय र समन्वयको नेतृत्व गर्छ।
- शिक्षा, युवा तथा खेलकुद शाखाः स्थानीय तहको प्रशासनिक संयन्त्र अन्तर्गत यो शाखाले योजनाको दैनिक कार्यान्वयन, अनुगमन, विद्यालय व्यवस्थापन र शिक्षक व्यवस्थापनको प्रशासनिक काम हेर्दछ।
- विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.): तल्लो तहमा योजना कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी विद्यालय स्तरमा वि.व्य.स. र प्रधानाध्यापकको हुन्छ।

## ३. वित्तीय प्रबन्ध (Financial Management)

- बजेट विनियोजनः संघीय सरकारबाट प्राप्त हुने ससर्त अनुदान, समपूरक अनुदान र स्थानीय तहको आन्तरिक स्रोत (राजस्व) लाई एकीकृत गरी शिक्षा क्षेत्रमा बजेट व्यवस्थापन गरि कार्यान्वयनमा ल्याइने छ ।
- सहभागितामूलक बजेटिङः विद्यालयको विपद् व्यवस्थापन र सुधार योजना (SIP) का आधारमा बजेट निर्माण गरी सहयोग उपलब्ध गराइने छ।

## ४. जनशक्ति व्यवस्थापन र क्षमता विकास

- शिक्षक दरबन्दी मिलानः स्थानीय तहभित्रका विद्यालयहरूमा विद्यार्थी संख्याका आधारमा शिक्षकहरूको दरबन्दी मिलान र व्यवस्थापन गरिने छ।
- क्षमता अभिवृद्धिः शिक्षकहरूका लागि पेसागत विकास (TPD) तालिम, प्रधानाध्यापकहरूका लागि नेतृत्व विकास तालिम र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक सहयोग सहजीकरण गरिने छ ।

## ५. अनुगमन, मूल्यांकन र नियमन

- नियमित विद्यालय सुपरिवेक्षणः शिक्षा शाखाका अधिकृत, अनुभवी शिक्षक र शिक्षा प्रशासकहरूबाट विद्यालयहरूको प्राज्ञिक तथा प्रशासनिक अनुगमन गरिने छ।
- सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणः शैक्षिक गुणस्तर र पारदर्शीता कायम गर्न विद्यालयहरूमा सामाजिक परीक्षण र स्थानीय तह स्तरमा सार्वजनिक सुनुवाइ अनिवार्य रूपमा कार्यान्वयनमा ल्याइने छ।

- नतिजा विश्लेषणः कक्षा ५, ८, १० र १२ को वार्षिक परीक्षाको सञ्चालन  आवश्यक व्यवस्तापन गर्न सहजीकरण गरिने छ र प्राप्त नतिजाको विश्लेषण गरेर शैक्षिक सुधारका आगामी रणनीति तय गरिने छ।

## परिच्छेद ७ लगानी तथा स्रोत व्यवस्थापन

शैक्षिक विकास लगानीमा आश्रित हुन्छ । नेपालको सन्दर्भमा मुलुक संघीयतामा गएसँगै आधारभूत र माध्यमिक तह स्थानीय सरकारको अधिकार भित्र समावेश गरिएको छ । आधारभूत र माध्यमिक शिक्षाको समग्र व्यवस्थापनका लागि स्थानीयतहरू परिपक्व हुन नसकेको परिप्रेक्षमा संघीय, प्रदेश सरकारले पनि पर्याप्त मात्रामा लगानी गर्दै आएका छन्। शिक्षक तलब भत्ता, भौतिक पूर्वाधार विकास, शैक्षिक गुणस्त सुधारका कार्यक्रमहरू, छात्रवृति,आधारभूत तह (कक्षा ६ — ८) र माध्यमिक तहका छात्राहरूका लागि स्यानिटरीप्याड, छात्रवृति, पाठ्यपुस्तक,अनौपचारिक तथा वैकल्पिक शिक्षा आदिमा ससर्तका कार्यक्रम र स्थानीय तहले आवश्यकतानुसार खर्च गर्न सक्ने गरी समानीकरण बजेट स्थानीय तहलाई उपलब्ध गराउनु यसका दृष्टान्त हुन्। स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्रको शैक्षक प्रणालीमा सुधार गर्न भरपुर प्रयास गरिरहेको छ । विकट क्षेत्रका बस्तिमा पहुँच पुर्याउन थप विद्यालय सञ्चालन, शिक्षा दरबन्दी अभाव रहेको सन्दर्भमा स्वयमसेवक परिचालन  र तिनका लागि निर्वाह खर्चको व्यवस्था, प्रधानाध्यापकहरूका लगि बैठक भत्ताको व्यवस्था, विद्यालय सहयोगी कर्मचारीका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउनु, माध्यमिक शिक्षा कक्षा( ११- १२ ) निःशुल्क बनाउन थप अनुदान उपलब्ध गराउनु, शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन गर्नु, विद्यार्थीको प्रतिभा विकासमा सहयोग पुर्याउन विभिन्न कार्यक्रम, खेलकुद आयोजना गरिएका छन्। यी यस्ता अन्य कार्यक्रमहरू सञ्चालनका लागि लाग्ने लगानी र स्रोत व्यवस्थापनको खाका यहाँ प्रस्तुत गरिएको छः

### ७.१ वित्तीय योजना

यस योजना कार्यान्वयनका क्रममा देहाय बमोजिमको लगानी लाग्ने प्रारम्भिक आँकलन गरिएको छ।

| कार्यक्रमहरु | योजना अवधिको कुल लागत ( रु हजारमा ) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | स्रोतको आँकलन | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | संघ | प्रदेश | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ प्रारम्भिक बाल विकास शिक्षा | | | | | | | ५०% | ३०% | |
| १.१ सहयोगी कार्यकर्ता तालिम | ५०० | ५० | ५० | ५० | ५० | ५० | | | |
| १.२ सहयोगी कार्यकर्ता तलब भत्ता | ५९८० | ५९८ | ५९८ | ५९८ | ५९८ | ५९८ | | | |
| १.३ भौतिक पूर्वाधार निर्माण | १९००० | ४००० | ५००० | ५००० | ५००० | | | | |
| १.४ ल्यापटप,प्रोजेक्टर | ४६०० | ५०० | ७०० | ८०० | ९०० | ८०० | | | |
| १.५ बाल विकास केन्द्र व्यवस्थापन | १३८०० | १३८० | १३८० | १३८० | १३८० | १३८० | | | |
| १.६ बाल विकास सहकर्ता प्रोत्साहन | ४६०० | ४६० | ४६० | ४६० | ४६० | ४६० | | | |
| जम्मा | ४८४८० | ६९८८ | ८१८८ | ८२८८ | ८३८८ | ३२८८ | | | |
| **२ आधारभूत शिक्षा** | | | | | | | | | |
| २.१ भौतिक पूर्वाधार | | | | | | | | | |
| २.१.१ कक्षा कोठा | २१६००० | २१०० | २७००० | ३३००० | ३९००० | ४५००० | | | |
| २.१.२ शौचालय | ९५००० | ८०० | १०००० | १४००० | १८००० | २०००० | | | |
| २.१.३ खानेपानी | ९४०० | ७०० | ८०० | १२०० | २००० | २२०० | | | |
| २.१.४ घेरपर्खाल | ६१५०० | ४५०० | ६००० | ७५०० | १०५०० | १२००० | | | |
| २.१.५ फर्निचर | ५३२५ | ४०० | ५०० | ६०० | ७०० | १३७५ | | | |
| २.२विज्ञान प्रयोगशाला | ४०५०० | ३००० | ४५०० | ६००० | ६००० | ७५०० | | | |
| २.३ पुस्तकालय | १७५०० | १४०० | २१०० | २८०० | २८०० | ३५०० | | | |
| २.४ इ — पुस्तकालय | १७५०० | ३००० | ४५०० | ६००० | ६००० | ७५०० | | | |
| २.५ स्थानीय पाठ्यक्रम निर्माण | १५०० | १००० | | | | | | | |
| २.६ वडा स्तरीय प्रतियोगिता | २०००० | २०० | २०० | २०० | २०० | २०० | | | |
| २.७ शिक्षक तलब भत्ता | ६५०००० | ६५००० | ६५००० | ६५००० | ६५००० | ६५००० | | | |
| २.८ वालउद्यान र वाचनालय | ६००० | १०० | १०० | १०० | १०० | १०० | | | |
| २.९ इन्टर नेट | २३४० | १८० | २४० | ३०० | ३६० | ४२० | | | |
| जम्मा | ११२१५६५ | ८२३८० | १२०९४० | १३६७०० | १५०६६० | १६४७९५ | | | |
| ३ माध्यमिक शिक्षा | | | | | | | | | |
| ३.१ भौतिक पूर्वाधार | | | | | | | | | |
| ३.१.१ कक्षा कोठा | १२९००० | २७००० | १८००० | १८००० | २४००० | १५००० | | | |
| ३.१.२ शौचालय | ३३००० | ४००० | ४००० | ५००० | ६००० | ६००० | | | |
| ३.१.३ खानेपानी | ३५०० | ४०० | ५०० | ६०० | ६०० | ६०० | | | |
| ३.१.४ घेरपर्खाल | १०५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | | | |
| ३.१.५ डेस्क बेञ्च | २३०० | २५० | ३०० | ३५० | ४०० | ४०० | | | |
| ३.१.६ आवासीय भवन | ७०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | | | |
| ३.२ शिक्षक तलब भत्ता | ९२००० | ९२०० | ९२०० | ९२०० | ९२०० | ९२०० | | | |
| ३.३ विज्ञान प्रयोगशाला | १४००० | २००० | २००० | २००० | २००० | २००० | | | |
| ३.४ पुस्तकालय | ७००० | १००० | १००० | १००० | १००० | १००० | | | |
| ३.५ इ — पुस्तकालय | ७००० | १००० | १००० | १००० | १००० | १००० | | | |
| ३.६ सांगीतिक प्रयोगशाला/ सामग्री | ७००० | १००० | १००० | १००० | १००० | १००० | | | |
| ३.७ कम्प्युटर ल्याब | ७००० | १००० | १००० | १००० | १००० | १००० | | | |
| ३.८ इन्टर नेट | ४२० | १८० | २४० | | | | | | |
| ३.९ मनोसामाजिक परामर्श | ३५०० | ३५० | ३५० | ३५० | ३५० | ३५० | | | |
| ३.१० उत्कृष्ट विद्यार्थी पहिचान कार्यक्रम | १००० | १०० | १०० | १०० | १०० | १०० | | | |
| ३.११ एक मा.वि. एक नर्स कर्यक्रम | २५९३५ | २५९३.५ | २५९३.५ | २५९३.५ | २५९३.५ | २५९३.५ | | | |
| जम्मा | ४१३१५५ | ६१५७४ | ५२७८४ | ५३६९४ | ६०७४४ | ५१७४४ | | | |
| **४ प्राविधिक तथा व्यवसायिक शिक्षा** | | | | | | | | | |
| ४.१ भौतिक पूर्वाधार | ६०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.२ प्रशिक्षक तलब भत्ता | १०५३०० | १०५३० | १०५३० | १०५३० | १०५३० | १०५३० | | | |
| ४.३ पेशागत सिप विकास तालिम | १००० | १०० | १०० | १०० | १०० | १०० | | | |
| ४.४ प्रयोगशाल तथा शिक्षण सिकाइ सामग्री | १२००० | १२०० | १२०० | १२०० | १२०० | १२०० | | | |
| जम्मा | १७८३०० | २१८३० | २१८३० | २१८३० | २१८३० | २१८३० | | | |
| **५ अतिरिक्त क्रियाकलाप** | | | | | | | | | |
| ५.१ पालिकास्तरीय प्रतियोगिता सञ्चालन व्यवस्थापन खर्च | १०००० | १००० | १००० | १००० | १००० | १००० | | | |
| ५.२ खेलकुद प्रशिक्षक | ३२७५०.९ | ३२७५.०९ | ३२७५.०९ | ३२७५.०९ | ३२७५.०९ | ३२७५.०९ | | | |
| ५.३ उत्कृष्ट खेलाडी क्षमता विकास | ५००० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | |
| ५.४ खेल मैदान र खेल संरचना विकास | १२०००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | | | |
| ५.५ प्रशिक्षक क्षमता विकास | १००० | १०० | १०० | १०० | १०० | १०० | | | |
| जम्मा | १६८७५१ | २४८७५ | २४८७५ | २४८७५ | २४८७५ | २४८७५ | | | |
| **६ शिक्षक विकास** | | | | | | | | | |
| ६.१ अनुभव आदानप्रदान र तालिम, गोष्ठी, कार्यशाला | १०००० | १००० | १००० | १००० | १००० | १००० | | | |
| ६.२ शिक्षकलाई नमुना विद्यालय भ्रमण | १००० | १०० | १०० | १०० | १०० | १०० | | | |
| ६.३ एक शिक्षक एक ल्यापटप | १५००० | १००० | १५०० | २००० | २५०० | ३००० | | | |
| ६.४ शिक्षक क्षमता विकास ,पूरक ,सामग्री, सूचना प्रविधिमा आधारित सामग्री | | | | | | | | | |
| ६.५ लेख व्यवस्थापन तालिम | ३५० | ३५ | ३५ | ३५ | ३५ | ३५ | | | |
| जम्मा | २६३५० | २१३५ | २६३५ | ३१३५ | ३६३५ | ४१३५ | | | |
| **७ निरन्तर शिक्षा,खुला सिकाइ ,अनौपचारिक शिक्षा,जीवनपर्यन्त शिक्षा** | | | | | | | | | |
| ७.१ साक्षरता विकास | ६००० | ६०० | ६०० | ६०० | ६०० | ६०० | | | |
| ७.२ सिप विकास | १५००० | १५०० | १५०० | १५०० | १५०० | १५०० | | | |
| ७.३ वैकलपिक शिक्षण सिकाइ | ५००० | ५०० | ५०० | ५०० | ५०० | ५०० | | | |
| जम्मा | २६००० | २६०० | २६०० | २६०० | २६०० | २६०० | | | |
| **कुल खर्च** | १९८२६०१ | २०२३८२ | २३३८५२ | २५११२२ | २७२७३२ | २७३२६७ | | | |

## ७.२ स्रोत व्यवस्थापन

योजनामा स्रोत व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। योजना कार्यन्वयनका लागि आवश्यक पर्ने आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन कहाँबाट गर्ने र कसरी गर्ने भन्नेकुरा चुनौतिका रूपमा रहेको हुन्छ। देशको बदि्लँदो रानितिक अवस्था, शासकीय स्वरूप र शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको व्यवस्थापनले योजना कार्यन्वयन र स्रोत व्यवस्थापनमा प्रभाव पारेको हुन्छ। यस योजना

कार्यन्वयनका लागि मार्मा गाउँपालिकाले देहाय बमोजिमका रणनीतिक कार्यक्रमहरू  तयार पारेको छ ।

१) संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको शशर्त कार्यक्रमहरूको निरन्तरता दिँदै यिनै कार्यक्रमको सङ्ख्यात्मक विरस्तारका लागि पहल गर्ने ,
२) संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरुको हकमा शशर्त नै कार्यक्रम विस्तार गर्न संघीय र प्रदेश सरकारलाई पहल गर्ने,
